## 1 परिचय

नेपालको संविधानको अनुसूचि( ८ आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले अधिकार प्रत्यायोजन गरीसको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तब्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त ब्यवस्था कार्यान्वय भएन । आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम  प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम पारुप, २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहमा पाठ्यक्रमा १०० पूर्णाङ्कको स्थानीय निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धा कक्षा १(३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० घण्टि र  कक्षा ४(८ को लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्य घण्टि १२८ निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले “स्थानीय सरोकारवाको आवश्यता, चाहना र उनीहरुकै सहभागीतामा स्थानीय विषयवस्तुलाई समावेस गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ” भनि परिभाषित गरेको छ । त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता सकृयतामा यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यो स्थानीय पाठ्यक्रमले शंखरापुर नगरपालिका क्षेत्र भित्रको विशिष्ट पहिचालनलनई उजागर गर्नेछ । आधारभूत तहको कक्षा १(८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक बिपत्तीहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको छ ।

शङ्खरापुर नगरपालिकाले स्थानीय स्तरका शिक्षाविद, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिरु, नगरपालिकाका सदस्यहरु, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरि प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा  शङ्खरापुर नगरपालिकाको परिरचय, प्राकृतिक स्रोत र संपदा,  संस्कार र साँस्कृतिक, पर्यटन, पेसा प्रविधि र उद्यमशिलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय, ब्यक्ति र संस्था लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७७ देखि कक्षा १-८ सम्म लागू गरिने छ ।

## २ स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकिकृत पाठ्यक्रम (कक्षा १(३) को ढाँचा, २०७५ स्वीकृत भइ परिक्षणको क्रममा रहेको छ। एकिकृत पाठ्यक्रम देश भरीमा २०७७ साल देखि लागु हुनेछ। उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १(३ सम्ममा पाँच ओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नु पर्ने प्रावधान छ । स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नु पर्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीयबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु पर्ने प्रावधान छ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ, समूदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ। राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरीने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेस अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निमाूण गरि कार्यान्वयन गर्न् बाञ्छनिय भएकाले र संबैधानीक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तब्य भएको हुनाले शङ्खरापुर नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

(क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन गर्न ।

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

(ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

(घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

(ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन।

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

## ३ विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भाव हुदेन । यस पाठ्यक्रमले शङ्खरापुर नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले शङ्खरापुर नगरपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मीक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थीक, स्वास्थ्य र सफाइ र वातावरणिय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिबृत्तिका पक्षहरुलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

(क) हाम्रो नगरपालिका : नगरपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाती, संघसंस्थाहरु

(ख) प्राकृतिक स्रोत र संपदा : वन जङ्गल, सामुदियक वन, जडिबुटि, नदि, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाडाकाडा, खानी

(ग) संस्कार र संस्कृति : जातजाती, मठ, मन्दिर,चैत्य,विहार,गुम्वा,जात्रा,पर्व,मेला , आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, संगीत बाभ्काघाजा

(घ) ऐतिहासिक र पर्यटकिय स्थल : मणिचुड, बज्रयोगिनी, साँखु, जहरसिंह पौवा, ऐतिहासिक ग्रन्थ, गुफा, पाटीपौवा, पुल ,साली नदि, देउराली

(ङ) पेसा उद्ययशिलता र प्रविधि : स्थानीय पेसा (कृषि विशेष) उद्यमशिलता र प्रविधि

(च) स्वास्थ्य र सरसफाइ : योग, प्राणायाम, ध्यान, आसन, सरसफाइ, भोजन, ब्यायाम, स्थानीय खेलहरु

(छ) प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगजनी, भूकम्प,भुक्षय,बाढी, पहिरो चट्याङ, हावाहुरी) वनतावरण र हरित विद्यालय

(ज) ब्यक्ति र संस्था परिचयः शंखरापुरको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने महत्वपूर्ण ब्यक्ति र संस्थाहरु

## ४ सक्षमता

शङ्खरापुर नगरपालिका भित्रका आधारभूत तह (कक्षा १(८)का विद्यालयका अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता निम्नानुसार छन् ।

(क) शङ्खरापुर नगरपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाती र संघसंस्थाहरु विवरण प्रस्तुती

(ख) वन जङ्गल, जडिबुटि, नदि, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाडाकाडा, खानी लगायका प्राकृतिक स्रोत र संपदाको संरक्षण र सम्बर्धनमा सहभागीता ।

(ग) जातजाती, मठ, मन्दिर,चैत्य, विहार,गुम्वा,जात्रा,पर्व,मेला, आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, संगीतको पहिचान र अनुसरण ।

(घ) ऐतिहासिक र पर्यटकिय स्थल : मणिचुड, बज्रयोगिनी, साँखु, जहरसिंह पौवा, ऐतिहासिक ग्रन्थ, गुफा, पाटीपौवा, पुल , साली नदि, देउरालको संरक्ष(ण र प्रवर्धन ।

(ङ) स्थानीय तहमा अपनाइने पेसा, उद्यमशिलता र प्रविधिको प्रवर्तनात्मक उपयोग ।

(च) योग, प्राणायाम, ध्यान सरसफाइ, भोजन, ब्यायाम, स्थानीय खेलहरुको परिचय र अभ्यास

(छ) प्रकोप (आगजनी, भूकम्प,भुक्षय,बाढी, पहिरो चट्याङ, हावाहुरी) र वातावरणको संरक्षण प्रति सजक र हरित विद्यालय अवधारणाको अवलम्बन ।

(ज) ब्यक्ति र संस्था परिचयः **शंखरापुर**को विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने महत्वपूर्ण ब्यक्ति र संस्थाहरु परिचय ।

**5 क्षेत्र र क्रम**

| क्र स | क्षेत्र | समावेस गर्नु पर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **हाम्रो नगरपालिका** | भौगोलिक अवस्था,सिमान, वनावट,जनसंङ्या<br><br>जातजाती,शैक्षिक संस्था तथा अन्य संघ सस्थाको विवरण | • नगरपालिका को सामान्य परिचय<br>• आफ्नो बसोबास भएको ठाउँको परिचय | • शङ्खरापुर नगरपालिकाको परिचय<br>• शङ्खरापुर नगरपालिकाको वडागत विशेषता र साध सिमाना | • शंखरापुर नगरपालिकाको इतिहास<br>• नगरपालिका भित्र बसोवास गर्ने जनजातीहरुको परिचय | • नगरपालिका को भौगोलिक अवस्थाको परिचय<br>• प्रारम्भिक मानव बस्ती<br>– | • शङ्खरापुर नगरपालिकाको क्षेत्रफल<br>• नगरपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या<br>• शङ्करापुर नगरपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू | • स्थानीय स्रोत परिचालन र पर्यावरणीय प्रभाव<br>• धार्मिक तथा पर्यटकीय स्थलहरू | • उमेरगत जनसङ्ख्याको विश्लेषण<br>• स्थानीय तहमा उपलब्ध सेवाहरू<br>• स्थानीय जन प्रतिनिधि<br>• सार्वजनिक स्थल संरक्षण | • स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका<br>• स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | **प्राकृतिक स्रोत र संपदा** | वन जङ्गल, सामुदियक वन, नदि, ताल, कुवा,डाडाकाडा, जडिबुटि, खानी, पानीका स्रोत, ढुङ्गेधारा | • स्थानीय जल सम्पदाको परिचय<br>• स्थानीय स्थल सम्पदा | • प्राकृतिक स्रोतको सामान्य परिचय<br>• मन्दिर, गुम्बा, विहार, कुन्ड गुफा र प्राकृतिक स्रोतको सम्बन्ध | • प्राकृतिक स्रोतको अवस्था<br>• स्थानीय सम्पदा | • प्राकृतिक स्रोतको संरक्षण<br>• प्राकृतिक स्रोतको उपयोगिता | • सिमसार क्षेत्र<br>• ढुङ्गेधारा | • शङ्खरापुर को ऐतिहासिक पाटीपौवा<br>• मणिचूड र मणिलिङ्गेश्वर | • शङ्खरापुर नगर पालिका भित्रका सामुदायिक वन<br>• स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति<br>• स्थानीय जडीबुटी | • शिवपुरी राष्ट्रिय निकुञ्ज<br>• शालिनदी<br>• वज्रयोगिनी मन्दिर |
| ३ | **संस्कार र संस्कृति** | (क) जातजातीः तामाङ, ब्राम्हाण,क्षेत्री, नेवार अन्य )गुरुङ,मगर, सुनुवार,भूजेल, दलित(<br>(ख) मठ, मन्दिर,चैत्य विहार,गुम्वा, जात्रा,पर्व,मेला | • स्थानीय चाडपर्वको परिचय | • इन्द्रायणीको परिचय<br>• इन्द्रायणीको जात्रा परम्परा | • विश्वम्भर नारायणको ऐतिहासिक र धार्मिक महत्व<br>• च्याम्देन माने, पटाप, सामदेन छोयलिङ गुम्बाको परिचय<br>• स्याउरी ज्योहो भूमे डाँडा पर्व | • साँखुको जात्रा परम्परा<br>• माधवनारायण र स्वस्थानी व्रत परिचय | • साँखुको परिचय<br>• जीवित गणेश, कुमारी भैरव र जेठी कुमारी पूजा र अष्टमातृका पूजा परिचय | • तामाङहरुको भेषभूषा र चाडपर्वको पचिय<br>• तामाङ जातिको रीतिरिवाज र धर्म संस्कृतिको परिचय,<br>• तामाङहरुले बजाउने बाजाहरुको तथा नृत्यको परिचय | • नेवाको संस्कृति र संस्कार रहनसहन, भेषभूषाको परिचय र प्रयोग गर्ने तरिका<br>• धर्मगण्डीको परिचय र बजाउने परम्परा<br>• गठेमङ्गलको परिचय<br>• जंकोको परिचय | • ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको परिचय<br>• शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैजडी र विनायोको परिचय<br>• गुरुङ, भुजेल, मगर, सुनार र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | (ग) आनीबानी, मूल्य मान्यता<br>(घ) भाषा र भेषभूषा<br>(ङ) गीत, संगीत बाझाघाजा<br>(च) ब्रत र उपवास | | | ● कुण्डेश्वर, सात कन्यादेवी, लिङ्गेश्वर र शिव मन्दिरको परिचय | | | – | ● नेवा सांस्कृतिक बाजाको परिचय | दलितहरुको संस्कार र संस्कृति<br>● विभिन्न जातजातिका साझा संस्कृति |
| ४ | **ऐतिहासिक र पर्यटकीय स्थल** | मणिचुड, बज्रयोगिनी, साँखु, जहरसिंह पौवा, ऐतिहासिक ग्रन्थ, गुफा, पाटीपौवा, पुल , साली नदि देउराली | ● ऐतिहासिक तथा पर्यटकीय स्थानको परिचय | ● ऐतिहासिक तथा पर्यटकीय स्थानको परिचय र महत्व | ● खयकुँ दोभानको पौराणिक आख्यानको जानकारी,<br>● सालीनदी मेलाको परिचय तथा महत्त्व | ● प्याराग्लाइडिङ को परिचय<br>● सलम्बुदेवी पार्क, झुले, देउरालीको परिचय | ● बौद्ध सर्किट र नगरकोट जहरसिंहपौवा चिसापानी पद मार्ग<br>● स्वस्थानीको मन्दिरको परिचय र महत्व | ● स्थानीय महत्वपूर्ण गुफा, पुल, सत्तल तथा पाटीपौवा, कुवा, इनार, ढुङ्गेधाराहरु | ● मणिचुडको परिचय महत्व,<br>● भृकुटी पथ (गोल्डेन रोड) मार्गको परिचय र महत्व | ● साँखु सहर र यसका चार ढोकाको परिचय र महत्व<br>● शङ्खरापुर राज्यको दरबार ( लायकु)को जानकारी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | **पेसा, उद्यमशिलता र प्रविधि** | स्थानीय पेसा (विशेष कृषि) उद्यमशिलता र प्रविधि | • स्थानीय र परम्परात पेशाको परिचय | • स्थानीय र परम्परागत पेशाको महत्व | • स्थानीय र परम्परागत पेशाको संरक्षण | • स्थानीय परम्परागत प्रविधिका् परचय र प्रयोग | • निगालो, बेत र बाँसका सामग्री, डोरी, नाम्लो,चकटी, सुकुल, गुन्द्री धुम बुनाइ, • पानी घट्ट | • स्थानीय परम्परागत शिप र प्रविधिमा आधारित उद्योग/ व्यवसाय • घरपालुवा र जङ्गली जनावरहरु | • बैकल्पिक रुपमा गरिने खेतीपातीहरु • होमस्टे र होटल व्यवसायको परिचय र महत्व | • स्थानीय क्षेत्रमा हुने/ गर्दै आईरहेको खेतीको परिचय • पर्यटन ब्यावसाय सम्बन्धी जानकारी र महत्व |
| ६ | **स्वास्थ्य र सरसफाइ** | योग, प्राणायाम, ध्यान सरसफाइ, भोजन, ब्यायाम, स्थानीय खेलहरु | • शरीरका अङ्गहरुको सरसफाइको परिचय • घर र विद्यालयको सरसफाइ | • शरीरको सरसफाइ गर्ने तरिका र अभ्यास • स्थानीय खेलहरुको परिचय र महत्व | • दिवा खाजाको आवश्यकता र महत्व, • व्यक्तिगत सामग्रीहरूको हिफाजत र सरसफाइको परिचय र अभ्यास • स्थानीय खेलहरु | • स्वास्थ्यकर र पत्रु खाना • सुत्ने र बस्ने तरिका • कक्षाकोठाको सरसफाइ | • प्राकृतिक र कृतिम गुण भएको खाना • विद्यालयमा खाजाको ब्यवस्थापन, • योगको अवधारणा | • पानी पिउने सही मात्रा र तरिका, • भोजनमा रेशा, बोक्रा र चोकरको महत्व, • प्राणायामको परिचय, महत्व र अभ्यास | • अम्लीय र क्षारीय गुण भएको खाना • ब्यायामको परिचय • सकारात्मक सोच र चरित्र निर्माण • ध्यानको परिचय, महत्व र अभ्यास | • भोजन एवं पोषण व्यवस्थापन • योगासनको परिचय र प्रकार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | को अभ्यास | | | | | |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | प्रकोप (बाढी, पहिरो, भुक्षय, हावहुरी, भुकम्प, आगजनी, सडक दुर्घटना), विपद् जोखिम, स्थानीय वातावरण र हरित विद्यालय निर्माण | • हावापानीको परिचय<br>• वाल वगैंचाको परिचय | • हावापानीको महत्व<br>• वाल वगैंचाको आवश्यकता र महत्व | • प्रकोप/विपद्को परिचय<br>• हाम्रो वातावरण | • प्रकोप/विपद् को परिचय<br>• फोहोर व्यवस्थापन | • प्राकृतिक र मानवजन्य प्रकोप/विपद्<br>• प्रदूषणको परिचय, प्रकार, न्यूनिकरणका उपाय | • विपद् जोखिम न्यूनिकरणको परिचय<br>• विद्यालय हरियाली प्रवर्द्धन | • विपद् जोखिम न्यूनिकरणका उपाय<br>• हरित विद्यालयको अवधारणा | • हरित विद्यालय र सिकाई<br>• इको क्लव |
| ८ | **व्यक्ति र संस्था परिचय** | शङ्करापुरको विकास निर्माण र समाज सेवामा विशेष पुर्याउने विकास पहिचान केहि महत्वपूर्ण व्यक्ति र संस्थाहरुका बारेमा जानकारी | ( | ( | ( | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका साहित्यिक संस्थाहरु<br>• सामाजिक संघसंस्था र समाजसेवा | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका सामाजिक संस्थाहरु<br>• सामाजिक संघसंस्था | • सामाजिक संघसंस्थाको महत्व<br>• जेपी प्रतिष्ठान<br>• महाकवी गिरिजा प्रसाद जाशीको परिचय र योगदान | • शंखरापुर पोलिटेक्निक इन्स्टीच्युट<br>• जहरसिंह मान बस्नेतको परिचय र योगदान<br>• सर्वज्ञमान बज्राचार्यको परिचय र योगदान | • सुस्मा कोइराला मेमोरियल ट्रष्ट<br>• लिलाबज्र बज्राचार्य को परिचय<br>• जोगदेव आचार्यको परिचय |

## 6 पाठ्यवस्तुको बिस्तृतिकरण

यस खण्डमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ प्रक्रिया (क्रियाकलाप, शिक्षण सामग्री र मूल्याङ्कन) लाई प्रस्तुत गरिएको छ। पाठ्वस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**कक्षा १**

| क्षेत्र | सिकाइ उपलब्धी | विषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य कियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रकिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | (क) आफू र आफ्नो नगर वा वासस्थानको नाम बताउन<br>(ख) परिवारका सदस्य तथा प्रमुखका नाम सोध्न र भन्न<br>(ग) परिवारका सदस्यले गर्ने कामका आधारमा भूमिका अभिनय गर्न<br>(घ) नगर पालिकाको नाम, वडासङ्ख्या र आफू | (क) आफू, आफ्नो परिवार र आफ्नो वास स्थान<br>(ख) नगर पालिकाको सामान्य परिचय | (क) आफू, परिवार र आफ्नो नगर वा वासस्थानको नाम<br>(ख) परिवारका सदस्य र घरमुलीको नाम र काम<br>(ग) नगर पालिकाको नाम, वडा सङ्ख्या र आफू बस्ने वडा | १. शिक्षकले आफ्नो परिचय (नाम, परिवार र वासस्थान) बताउने र यस क्रममा पारिवारिक पृष्ठभूमि झल्किने चित्र प्रदर्शन गर्दै आफूले परिचय गरी विद्यार्थीलाई परिचय दिन लगाउने<br>२. विद्यार्थीले परिचय दिँदा कठिनाइ आइपरेमा तलका प्रश्न सोध्न जस्तै :<br>(क) तिम्रो नाम के हो ?<br>(ख) तिम्रो घरमा को को हुनुहुन्छ ?<br>(ग) तिम्रो घरमा कति जना हुनुहुन्छ ?<br>(घ) तिमी कुन टोलमा बस्छौ ?<br>३. परिवारका सदस्यका प्रमुख कामका बारेमा छलफल गराई उक्त कामको भूमिका अभिनय गर्न लगाउने, जस्तै :<br>(क) शिक्षकले पढाएको<br>(ख) कृषकले खनेको<br>(ग) चिकित्सकले जाँचेको<br>४. नगरपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडासङ्ख्या भन्न लगाउने<br>५. नक्सा वा चित्रमा दिइएको वडासङ्ख्या र नगर/टोलका आधारमा आफू बस्ने वडा पहिचान गर्न लगाउने। यसको थप अभ्यासका लागि युगल जोडी वा | (क) पारिवारिक पृष्ठभूमि झल्किने चित्र<br>(ख) व्यक्तिगत तथा पारिवारिक पेसा जनाउने चित्र<br>(ग) वडा सङ्ख्या सहितको नगरपालिकाको नक्सा वा चित्र<br>(घ) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीले आफ्नो परिचय दिँदा नाम, परिवार र वासस्थानलाई समावेश गरे नगरेका आधारमा मापन गर्ने<br>२. विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बस्ने वडा बताउन | | | ससाना समूहका छलफल गर्न लगाई साथीको वडासङ्ख्या र नगर/टोल पनि पहिचान गर्न लगाउने<br>६. सूचना प्रविधिका साधन उपयोग गरी नगरपालिकाको सामान्य परिचय दिने सामग्री प्रस्तुत गर्ने र त्यसका आधारमा कुराकानी तथा प्रश्नोत्तर गराउने | | आधारमा मूल्याङ्कन गर्ने<br>४. प्रश्नोत्तर तथा अन्य सन्दर्भमा नगरपालिकाको नाम, वडा सङ्ख्या तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने । | |
| **प्राकृतिक स्रोत र संपदा** | (क) आफ्नो बासस्थान वरपर रहेका ढुङ्गेधारा, र इनारको अवलोकन भ्रमण गरी अवस्थिति बताउन<br>(ख) वासस्थान नजिकै रहेका कुवा तथा तालका बारेमा सोधखोज गरी अभिभावक | (क) स्थानीय जल सम्पदा<br>(ख) स्थानीय स्थल सम्पदा | **(क)** स्थानीय जल स्रोत ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदी<br>(ख) स्थल स्रोत खेतबारी, चउर, मैदान, वनजङ्गल, सामुदायिक वन, डाँडाकाँडा | (क) ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको तस्विर, फोटा वा चित्र निर्माण गरी प्रदर्शन गर्ने । चित्रका आधारमा ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको स्वरूपका बारेमा छलफल गराई इनार, कुवा र ताल तथा खोला र नदीबिचको भिन्नता बोध गराउने ।<br>(ख) विद्यार्थीको वासस्थान वा विद्यालय वरपर रहेका ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने<br>(ग) स्थलगत अध्ययन भ्रमणका क्रममा ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको विशेष नाम भए नामसँग परिचित गराउने<br>(घ) ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको अवलोकन भ्रमण गर्दा ध्यान दिनुपर्ने पक्षको जानकारी दिने, जस्तै : | (क) सान्दर्भिक तस्बिर वा चित्र<br>(ख) श्रव्यदृश्य सामग्री | १. ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीका चित्र प्रदर्शन गरी नाम भन्न लगाउने<br>२. ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीमा जाँदा अपनाउनुपर्ने सावधानी बताउन लगाई सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. स्थल सम्पदामा पर्ने मुख्य मुख्य कुरा भन्न लगाउने | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सँग स्थलगत भ्रमण गर्न<br>(ग) वासस्थान नजिकै रहेका खोला वा नदीका बारेमा छोटकरीमा बताउन<br>(घ) घरनजिकै रहेको डाँडामा रहेका कुरा बताउन<br>(ङ) अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाको नाम सोध्न र चिनेकाको नाम भन्न | | | पानीमा डुब्न सकिन्छ । पानीमा डुब्यो भने मृत्यु हुन सक्छ वा मरिन्छ । पानीको स्रोत वरिपरि विभिन्न जीवजन्तु हुन्छन् । तिनीहरूले हामीलाई टोक्न वा लखेट्न सक्छन् । खोला वा नदीले हामीलाई बगाउन सक्छन् ।<br>(ङ) घरनजिकै रहेको खेतबारी, चउर र डाँडाको अवलोकन भ्रमण गराउने, जस्तै : डाँडामा हरियाली छ । डाँडा धेरै रुख छन् । रुखमा धेरै चरा बस्छन्।<br>(च) अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाको नाम सोध्न र चिनेकाको नाम भन्न लगाउने । अवलोकनपछि थाहा पाएका बोटबिरुवाका नाम समेटिएको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने - मौखिक रुपमा)<br>(छ) सूचना प्रविधिको उपयोग गरी सान्दर्भिक सङ्कलन र प्रदर्शन गर्ने, गर्न लगाउने | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **संस्कार र संस्कृति** | • स्थानीय रुपमा मनाइने चाडपर्वको सूची बनाउन<br>• आफ्नो छरछिमेकमा मनाइने चाडपवको बारेमा बताउन र सहभागी हुन । | • स्थानीय चाडपर्वको परिचय | • स्थानीय स्तरमा बिभिन्न जातजातीहरुले मनाउने चाडपर्वहरु<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिको परिचय<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिमा लगाउने लुगा र खानेकुराको नाम<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित क्रियाकलापहरु | • आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाउने र छलफल गराउने<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित गीत गाउन लगाउने<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्रहरु (जमरा राखेको, टीका लगाएको, देउसीभैलो खेलेको) देखाई छलफल गराउने<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित चाडपर्व मनाएको भिडियो देखाउने<br>• दशैँ, तिहार र माघे सङ्क्रान्ति कसरी मनाइन्छ अभिनय गर्न लगाउने | • दशैँ, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित गीत<br>• दशैँ, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्र<br>• दशैँ, तिहार र माघे सङ्क्रान्ति मनाएको भिडियो | • आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने<br>• चाडपर्वमा खाइने खानेकुराको नाम भन्न लगाउने<br>• चाडपर्व मनाउने तरिकाका बारेमा अभिनय गर्न लगाउने<br>• आफ्ना छिमेकीले मनाउने चाडपर्वको सूची बनाउन लगाउने | ४० घण्टी |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | • मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, शाली नदी, | • ऐतिहासिक तथा पर्यटकीय स्थानको परिचय | • मणिचुड मेला<br>• बज्रयोगिनी जात्रा<br>• जहरसिंहपौवाको परिचय<br>• ग्रन्थ, गुफा, पाटी, पौवाको परिचय | • मणिचुड, बज्रयोगिनी, साँखु , जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीसँग सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>• मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउराली ठाउँको प्रत्यक्ष अवलोकन गराउने | • मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीको | • मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीका मुख्य पक्षहरु भन्न लगाउने | २५ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | देउरालीको परिचय दिन | | ● ऐतिहासिक झोलुङ्गे पुलको जानकारी<br>● सालीनदी र एक महिने स्वस्थानी तथा माधव नारायण व्रतको जानकारी<br>● देउरालीको सामान्य परिचय | ● सालीनदी र एक महिने स्वस्थानी तथा माधव नारायण व्रतको र यसको महत्वको बारेमा स्थानीय विज्ञसँग छलफल गराउने ।<br>● मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीसँग सम्बन्धित भई प्रश्नोत्तर र छलफल गर्ने | फोटो, भिडियो | | |
| **पेशा उद्यमशिलता र प्रविधि** | ● आफ्नो परिवारका सदस्यहरूले गर्ने पेशा बताउन<br>● आफ्नो छिमेकका मानिसहरुले गर्ने पेशाहरु बताउन<br>● स्थानीय पेशामा प्रयोग हुने औजार | ● स्थानीय र परम्परागत पेशाको परिचय | ● आफ्नो परिवारका सदस्यहरू (आमाबुबा, काकाकाकी, दाजुदिदि आदि)ले गर्ने कामहरु<br>● आफ्नो छिमेकका मानिसहरुले गर्ने पेशाहरु<br>● स्थानीय पेशामा प्रयोग हुने औजार वा साधनको नाम | ● स्थानीय मानिसहरुले गर्ने विभिन्न कामहरुको सूची बनाई विद्यार्थीहरुमाझ प्रस्तुत गर्ने । जस्तैः तरकारी खेतीमा काम गर्ने, कार्यालयमा जागीर गर्ने, पसल गर्ने, माटाका भाँडा बनाउने, सिलाई बुनाई गर्ने आदि ।<br>● विद्यार्थीहरुलाई आफ्ना घरका सदस्यहरु(आमाबुबा, काकाकाकी, दाजुदिदि आदि)ले गर्ने कामहरु के के हुन् भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेशा/व्यवसायको नाम बताई दिने । जस्तैः खेतबारीमा काम गर्ने कृषक, पढाउने शिक्षक, माटाका भाँडा बनाउने कुमाले आदि ।<br>● स्थानीय पेशामा प्रयोग हुने औजार वा साधनको नामको सूची बनाई फोटो सहित देखाउने । | ● स्थानीय मानिसहरुले गर्ने विभिन्न कामहरुको सूची, ब्रोसर, पोस्टर, भिडीयो<br>● स्थानीय पेशामा प्रयोग हुने औजार वा साधनको नामको फोटो सहितको सूची | ● आफ्ना परिवारका सदस्यहरुले गर्ने कामहरुबारे बताउनुहोस् ।<br>● कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने ।<br>● स्थानीय औजारहरु चिन्न लगाउने ।<br>● साधन/ औजारको साधारण प्रयोगको अभिनय गर्न लगाउने । | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वा साधनको नाम बताउन | | | ● स्थानीय पेशामा प्रयोग हुने औजार वा साधनहरु प्रत्यक्ष रुपमा देखाएर चिनाउने जस्तैः कुटो, हलो, कोदालो आदि । | | | |
| **स्वास्थ्य र सरसफाइ** | ● शरीरका अङ्गहरु सरसफाई गर्न<br>● व्यक्ति सरसफाइको लागी आवश्यक सामग्रीको नाम भन्न<br>● सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन<br>● आफ्नो र घरको सरसफाइको किन गर्नु पर्छ भन्न | ● शरीरका अङ्गहरुको सरसफाइको परिचय<br>● घर र विद्यालयको सरसफाइ | ● नाक,मुख, आखा, कान,कपाल, गोडा र शरिरको अन्य भागको सरसफाइ<br>● सरसफाइका सामाग्री ब्रश, मञ्जन, काँगियो, साबुन, रुमाल अदिको प्रयोग<br>● कक्षाकोठा विद्यायलय, घर करेसाबारी | ● सफा र फोहारी बालकको फोटो देखाइ दाँज्न लगाउने<br>● बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने ।<br>● सर सफाइका सामग्रीहरू देखाउने, भन्न लगाउने र लेख्न लगाउने ।<br>● कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नु पर्ने कारणका बारेमा छलफल गर्ने ।<br>● कक्षाकोठा र विद्यालय सरसफाइ गर्न। | ● सफा र फोहर बालकको तस्विर<br>● सर सफाइका सामग्रीहरू<br>● सफा र फोहोर घर, विद्यायलयको फोटो<br>● पोष्टर, चित्र, चार्ट | ● शरीर सरसफाइ गर्नका कारण विद्यार्थीहरुलाई भन्न लगाउने<br>● ब्रश, मञ्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरि सफाइ गर्न लगाइ अवलोकनका आधारमा मूल्याङ्कन गर्ने ।<br>● कक्षाकोठा र आफु सुत्ने कोठा किन सफा राख्नु पर्छ भन। | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रकोप, वातावरण र हरित विद्यालय** | नगरपालिका भित्रको हावा पानीको परिचय दिन | ● हावापानीको परिचय | ● गर्मी-जाडो हावापानी | ● जाडो वा गर्मी वा तत्कालको हावापानीको बारेमा प्रश्नोत्तर गरी छलफल गर्ने | ● बाक्लो वा पातलो लुगा लगाएको मानिसको चित्र<br>● पानी पर्दा वा घामलाग्दा छाता ओढेको मानिसको चित्र, पोस्टर आदि । | ● जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने ।<br>● गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउने<br>● पानी परेको बेला वा घामलागेको घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न लगाउने | ५ घण्टी |
| | ● विद्यालय बालबगैँचाको सामान्य परिचय दिन | ● बाल बगैँचाको परिचय | ● बाल बगैँचामा रोपिने विभिन्न फुल ,वनस्पतिका नाम | ● सम्भव भए फूलका बोट र नभए चित्र देखाउँदै नाम सोध्ने, बताइ दिने र छलफल गराउने<br>● विद्यालय वरिपरि अवलोकन भ्रमण गराउने | ● स्थानीय क्षेत्रमा पाइने सयपत्री, गोदावरी, मखमली, लालुपाते, लालिगुरास, वेगमवेली, जाई, चम्पा आदिको फूल, पात वा विरुवा वा चित्र | ● घरवाट १ वटा फूल वा विरुवा ल्याई नाम सहित वताउन लगाउने साथै वालवगैंचामा रोप्न लगाउने । | ५ घण्टी |

**कक्षा २**

| क्षेत्र | सिकाइ उपलब्धी | विषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य कियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रकिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | (क) नक्सा वा चित्रका आधारमा शङ्खरापुर नगरपालिका वरपर रहेका नगरपालिका चिन्न र भन्न<br>(ख) बस्ती वा सहर, नदीनाला, वनजङ्गल ,मठमन्दिर लगायत समेटी शङ्खरापुर नगरपालिकाको विशेषता प्रस्तुत गर्न<br>(ग) शङ्खरापुर नगरपालिकाको वडागत साध | (क) शङ्खरापुर नगरपालिकाको परिचय<br>(ख) शङ्खरापुर नगरपालिकाको वडागत विशेषता र साध सिमाना | (क) शङ्खरापुर नगरपालिका वरपर रहेका नगरपालिका<br>(ख) शङ्खरापुर नगरपालिकाको विशेषता (बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर लगायत)<br>(ग) शङ्खरापुर नगरपालिकाको वडागत साध सिमाना<br>(घ) शङ्खरापुर नगरपालिकाको वडागत विशेषता | (क) शङ्खरापुर नगरपालिका वरपर रहेका नगरपालिकाका नक्सा वा चित्र प्रदर्शन गर्ने । चित्र वा नक्साका आधारमा वरपरका नगरपालिका चिन्न र तिनका नाम भन्न लगाउने<br>(ख) प्रदर्शित नक्सा वा चित्र जस्तै गरी चित्र वा नक्सा कोर्न लगाउने<br>(ग) कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर लगायत पक्ष समावेश गर्न लगाउने । यस कार्यमा विद्यार्थीहरुलाई शिक्षकले आवश्यकता अनुसार सहजिकरण गर्ने तथा नमुना प्रदर्शन गरी शङ्खरापुर नगरपालिकाको वडागत साध सिमाना बताउन लगाउने<br>(घ) शङ्खरापुर नगरपालिकाको विशेषता भएको सूची प्रदर्शन गर्ने र त्यसमा छलफल एवम् प्रश्नोत्तर गर्न लगाउने | (क) वरपरका नगरपालिकासहितको शङ्खरापुर नगरपालिकाको नक्सा वा चित्र<br>(ख) शङ्खरापुर नगरपालिकाको विशेषता समेटिएको सूची<br>(ग) श्रव्यदृश्य सामग्री | (क) प्रदर्शित नक्सा वा चित्रका आधारमा शङ्खरापुर नगरपालिका तथा वरपरका नगरपालिका पहिचान गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>(ख) प्रदर्शित नक्सा वा चित्र जस्तै गरी चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने<br>(ग) कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, साध सिमाना सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सिमाना बताउन<br>(घ) शङ्खरापुर नगरपालिकाको वडागत विशेषताको सूची निर्माण तथा प्रदर्शन गर्न | | | (ङ) विद्यार्थीलाई ससाना समूहमा विभाजन गरी प्रदर्शित सूचीमा थपघट गर्दै समूहको तर्फबाट मौलिक प्रस्तुति गर्न लगाउने<br>(च) नजिकका वडाका साध सिमानाको अवलोकन भ्रमण गर्न लगाउने<br>(छ) स्थलगत भ्रमणका शङ्खरापुर नगरपालिकाको वडागत विशेषता टिपोट गर्न लगाउने<br>(ज) नगरपालिकाका विविध पक्ष समेटिएको श्रव्यदृश्य सामग्री प्रस्तुत गरी विद्यार्थीको टिपोटसँग तुलना तथा प्रश्नोत्तर गर्न लगाउने<br>(झ) विद्यार्थीलाई पनि वडागत विशेषता झल्किने चित्र, फोटो बनाउन र चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्ने र यसका लागि आवश्यकतानुसार शिक्षक तथा अभिभावकको सहयोग लिन लगाउने | | नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>(ङ) छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने<br>(च) शङ्खरापुर नगरपालिका र यसको वडागत विशेषताको सूची निर्माण तथा प्रदर्शन गर्न सके नसकेका तथा यस्तो कार्य गर्दा विषयवस्तुको ज्ञान र यसको प्रस्तुतीकरणका आधारमा सिकाइको मापन गर्ने<br>(छ) अभिभावकसँगको छलफल तथा अन्तरक्रियाका आधारमा वडागत विशेषता टिपोट गर्ने परियोजना कार्य | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | दिई त्यसका आधारमा मूल्याङ्कन गर्ने | |
| **प्राकृतिक स्रोत र संपदा** | (क) प्राकृतिक स्रोतको परिभाषा बताउन<br>(ख) प्राकृतिक स्रोतका प्रकार बताई उदाहरण प्रस्तुत गर्न<br>(ग) खेतबारी तथा स्थानीय वन जङ्गलमा पाइने बोटबिरुवा सङ्कलन गरी नाम बताउन<br>(घ) उपलब्ध बोटबिरुवा पहिचान गरी अभिभावक तथा शिक्षकको सहयोगमा | (क) प्राकृतिक स्रोतको सामान्य परिचय<br>(ख) मन्दिर, गुम्बा, विहार, कुन्ड गुफा र प्राकृतिक स्रोतको सम्बन्ध | (क) प्राकृतिक स्रोतको अर्थ, परिभाषा र प्रकार<br>(ख) स्थानीय बोटबिरुवा नाम र काम<br>(ग) मन्दिर, गुम्बा, विहार, कुन्ड र गुफा वरपर रहेका प्राकृतिक स्रोत<br>(घ) मन्दिर, गुम्बा, विहार, कुन्ड गुफा र प्राकृतिक स्रोतको सम्बन्ध | (क) प्राकृतिक स्रोतको अर्थ र परिभाषा लेखी कक्षामा प्रदर्शन गर्ने र यसबाट मौलिक परिभाषा बनाउन विद्यार्थीलाई उत्प्रेरित गर्ने । यस क्रममा विभिन्न उदाहरण दिदै सिकाइलाई सहज र प्रभावकारी बनाउने ।<br>(ख) प्राकृतिक स्रोतका प्रकार र तिनका विभिन्न उदाहरण प्रस्तुत गरी त्यसका आधारमा प्रश्नोत्तर तथा छलफल गर्ने गराउने ।<br>(ग) खेतबारी तथा स्थानीय वन जङ्गलमा पाइने बिरुवा, पात डाँठ, जरालगायत सङ्कलन तथा प्रदर्शन गर्न लगाउने । प्रदर्शन गरिएका जडीबुटीका नाम पनि भन्न लगाउने । यस क्रममा धेरैभन्दा धेरै जडीबुटी सङ्कलन गर्न हौसला प्रदान गर्ने<br>(घ) उपलब्ध बोटबिरुवा र तिनले गर्ने काममा आधारित भई परियोजना कार्य गर्न लगाउने । यस क्रममा अभिभावक तथा | (क) सान्दर्भिक तस्बिर वा चित्र<br>(ख) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यासको मूल्याङ्कन गर्न लगाएर | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तिनीहरूको काम बताउन<br>(ङ) मन्दिर, गुम्बा, विहार, कुन्ड र गुफा वरपर रहेका प्राकृतिक स्रोत चिन्न र भन्न<br>(च) जानकार व्यक्तिको सहयोग लिई मन्दिर, गुम्बा, विहार, कुन्ड गुफा र प्राकृतिक स्रोतको सम्बन्ध बताउन | | | शिक्षक स्वयम्ले सहयोगीको भूमिका निर्वाह गर्ने । यस्तो कार्य विद्यार्थीलाई एकल वा समूहमा गराउने । परियोजनाका कार्यको प्रगति वा प्रतिवेदन कक्षामा प्रस्तुत गर्ने । यसका आधारमा कक्षामा अन्तर्क्रिया पनि गर्ने लगाउने ।<br>(ङ) स्थानीय बोटबिरुवाको तस्बिर खिची वा उस्तै चित्र निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने । एकले बनाएको चित्रको नाम अर्को विद्यार्थीलाई भन्न लगाउने<br>(च) मन्दिर, गुम्बा, विहार, कुन्ड र गुफा वरपर अवलोकन भ्रमण गराउने वा त्यहाँ चित्र खिची कक्षामा प्रस्तुत गर्ने । त्यसका आधारमा उक्त स्थान वरपर रहेका प्राकृतिक स्रोत चिन्न र भन्न लगाउने<br>(छ) जानकार व्यक्तिको सहयोग लिई मन्दिर, गुम्बा, विहार, कुन्ड गुफा र प्राकृतिक स्रोतको सम्बन्ध बताउन लगाउने | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **संस्कार र संस्कृति** | ● इन्द्रायणीमा भएको देवी, जात्रा, सेतीदेवी थान, गोरखकाली थानको बारेमा बताउन<br>● इन्द्रायणीमा हुने जात्रामा सहभागी भइ अवलोकन गरी साँस्कृतिक महत्व बताउन ।<br>● जात्राको अवसरको लवाइ खवाइको अभ्यास गर्ने। | ● इन्द्रायणीको परिचय<br>● इन्द्रायणीको जात्रा परम्परा | ● इन्द्रयणीको सामान्य परिचय,<br>● इद्रांयणी जात्रामा परम्परादेखि चलिआएको गणेश र इन्द्रायणी तथा ब्रह्मायणीको दुई ओटा खट परिचय<br>● सेतीदेवी, गोरखकाली र विन्दवासीनी मन्दिरको परिचय<br>● स्थानीय जात्रा, मेला, परम्पराको चिनारी | ● इन्द्रायणीमा भएको देवी, जात्रा, सेतीदेवी थान, गोरखकाली थानको चित्र, पोस्टर, भिडियो देखाई छलफल र प्रश्नोत्तर गर्न लगाउने ।<br>● खटमाथि देवीदेवताको चित्र, मूर्ति राखेर जात्राको अभिनय गर्न लगाउने<br>● बाजा बजाएको देखाउने<br>● जात्राको अवसरमा स्थानीय तहमा लगाउने लुगा र खाने कुराहरुको नमूना विद्यार्थीहरुलाई तगार गर्न लगाइ प्रदर्शन गर्न लगाउने ।<br>● सेतीदेवी, गोरखकाली र विन्दवासीनी मन्दिरको अवलोकन भ्रमण गराउने। | ● खट, मूर्ति, चित्र, भिडियो, बाजा<br>● पोष्टर<br>● पावर पोइन्ट स्लाइड | ● स्थानीय रुपमा मनाइने जात्रा, मेलाको नाम भन्न लगाउने<br>● इन्द्रायणी जात्राको अवलोकन गरी जात्राको बारेमा भन्न लगाउने<br>● सेतीदेवी, गोरखकाली र विन्दवासीनी मन्दिरको चित्र बनाउन लगाउने । | ४० |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | ● मणिचुड मेला तथा महोत्सवको महत्व भन्न<br>● बज्रयोगिनी जात्राको परम्परागत | ऐतिहासिक तथा पर्यटकीय स्थानको परिचय | ● मणिचुड मेला र महोत्सवको समय र स्थानबारे जानकारी<br>● बज्रयोगिनी मन्दिरको जानकारी<br>● जहरसिंह पौवाको जानकारी | ● मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीसँग सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>● मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउराली | ● मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीको फोटो, भिडियो | ● मणिचुड किन प्रख्यात छ भन्न लगाउने<br>● साली नदी किन प्रख्यात छ भन्न लगाउने | २५ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महत्व बताउन<br>• जहरसिंह पौवाको बारेमा भन्न<br>• ग्रन्थ, गुफा, पाटीपौवा, सालीनदी, देउरालीको पर्यटकीय महत्व बताउन | | • ग्रन्थ, गुफा, पाटीपौवा, सालीनदी, देउरालीको पर्यटकीय महत्व | ठाउँको प्रत्यक्ष अवलोकन गराउने<br>• मणिचुड, बज्रयोगिनी, साँखु ,जहरसिंहपौवा, पाटीपौवा, पुल, साली नदी, देउरालीसँग सम्बन्धित ऐतिहासिक र पर्यटकीय स्थलका बारेमा प्रश्नोत्तर र छलफल गर्ने | | | |
| **पेशा उद्यमशिलता र प्रविधि** | • आफ्नो छिमेकका मानिसले गर्ने पेशा/व्यवसायको महत्व बताउन | • स्थानीय र परम्परागत पेशाको महत्व | • आफ्नो घर र छिमेकका मानिसले गर्ने पेशा/व्यवसायको महत्व<br>• स्थानीय मानिसहरुले परम्परागत रुपमा गर्दै आएका पेशा/काम सम्बन्धी वर्णन | • विद्यालय नजिकको कुनै गाउँको अवलोकन भ्रमण गराई त्यहाँका मानिसहरुले के के काम गरिरहेका छन् देखाई बताईदिने र स्थानीय क्षेत्रमा मानिसहरुले गर्ने कामहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>• पेशा व्यवसायबाट मानिसलाई हुने फाइदाहरुको बारेमा बुँदागत रुपमा छलफल गर्ने ।<br>• स्थानीय व्यवसायीलाई विद्यालयमा बोलाई पेशा | • स्थानीय मानिसहरुले गर्ने विभिन्न कामहरुको सूची, ब्रोसर, पोस्टर, भिडीयो<br>• पेशा व्यवसायबाट मानिसलाई हुने फाइदाहरु बुझाउने चार्ट | • आफ्नो विद्यालय वरिपरीको गाउँ/सहरमा बस्ने मानिसहरुले गर्ने कामहरुको सूची बनाउनुहोस् ।<br>• कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने ।<br>• आफ्नो घरको अविभावकले गर्ने काम र त्यस कामबाट के के फाईदा भएको छ | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | व्यवसायको महत्वको बारेमा बताउन लगाउने । | | भन्ने बारेमा आफ्नो अविभावकलाई सोधी कक्षामा प्रस्तुत गर्नुहोस् । | |
| **स्वास्थ्य र सरसफाइ** | • व्यक्ति सरसफाइ गर्न सामग्रीको महत्व बताउन<br>• आफ्नो शरीरको सरसफाइ गर्न<br>• दैनिक गरिने सरसफाइको सूची बनाउन<br>• स्थानीय खेलहरू भन्न र खेल्न | • शरीरको सरसफाइ गर्ने तरिका र अभ्यास<br>• स्थानीय खेलहरु को परिचय र महत्व | • सरसफाइका सामाग्री, ब्रस, साबुन, रुमालको महत्व<br>• शरीरको सरसफाइ, नुहाउने, कपडा सफा राख्ने तरिका<br>• हातमुख धुने नुहाउने, ब्रश गर्ने, कपडा धुने, नङ काट्ने, कपाल कोर्ने<br>• स्थानीय खेल ( लुकामारी,रुमाल लुकाइ, चुङ्गी,गट्टा<br>• शारीरिक तथा स्वास्थ्यको विकास | • व्यक्ति सरसफाइ गर्ने सामग्रीको प्रयोग सम्बन्धी जोडी अन्तर्क्रिया गराइ भन्न लगाउने,<br>• शरीर सरसफाइ गरेको चित्र देखाउँदै छलफल गराउने ।<br>• शरीरका अङ्गहरुको सरसफाइ गर्ने विधि र सरसफाइको महत्व दर्शाउने भिडियो कक्षाकोठामा प्रदर्शन गरी छलफल गराउने।<br>• हातमुख धुने, नुहाउने, ब्रश गर्ने, कपडा धुने, नङ काट्ने, कपाल कोर्ने अभ्यास गराउने<br>• स्थानीय खेलहरु जस्तै लुकामारी,रुमाल लुकाइ, चुङ्गी,गट्टा खेल्न | • ब्रश, साबुन, रुमाल<br>• शरीर सरसफाइ गरेको चित्र<br>• शरीर सफाइ गरेको भिडियो,<br>• पावर पोइन्ट स्लाइड | • शरीरका अङ्गहरु जस्तै हात, खुट्टा, दाँत सरसफाइ गर्ने तरिका भन्न<br>• शारीरका कुनै दुई ओटा अङ्ग सफाइ गरेर देखाउ ।<br>• सर सफाइ गरेर आए नआएको यकिन गरी पृष्ठपोषण दिने ।<br>• लुकामारी,रुमाल लुकाइ, चुङ्गी,गट्टा खेल्न लगाउने अवलोकन गरी सोका आधारमा मूल्याङ्कन गर्ने । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● खेल्नाको फाइदा बताउन | | ● सामूहिक भावनाको विकास | शिक्षकले विद्यार्थीहरुलाई अभ्यास गराउने र समूहगत रुपमा खेल खेल्न लगाउने । | | | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | ● हावापानीको महत्व बताउन | ● हावापानीक ो महत्व | ● आफु बसेको ठाउँको तातो चिसो हावापानी<br>● जाडो मौसम र गर्मी मौसममा हुने अन्नवाली, तरकारी बाली, फलफूल<br>● बढी जाडो र बढी गर्मी मौसमबाट वच्ने उपाय | ● जाडो वा गर्मी वा तत्कालको हावापानीको बारेमा प्रश्नोत्तर गरी छलफल गर्ने<br>● विभिन्न अन्नबाली, तरकारी बाली, फलफूलको नमुना देखाई कस्तो हावापानीमा उत्पादन हुने हो छलफल गराउने<br>● बाक्लो लुगा, पातलो लुगा आदि लगाईने कारणबारे छलफल गराउने | ● बाक्लो वा पातलो लुगा लगाएको मानिसको चित्र<br>● पानी पर्दा छाता ओढेको चित्र वा पोस्टर आदि<br>● अन्नबाली, तरकारी बाली, फलफूल नमुना | ● जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने<br>● गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउने<br>● पानी परेको बेला घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न लगाउने<br>● विभिन्न अन्नबाली, तरकारी बाली, फलफूलको नमुना देखाई कस्तो हावापानीमा उत्पादन हुन्छ सोध्ने | ५ घण्टी |
| | ● विद्यालय बाल बगैंचाको आवश | ● वाल वगैचाको आवश्यक | ● विद्यालय बालबगैंचाको परिचय<br>● बालबगैंचा बनाउनु पर्ने कारण | ● बगैंचामा रोपिने विरुवाहरुको नाम उदाहरणको दिई प्रश्तुत गर्ने | ● बालबगैचाको चित्र, पोस्टर<br>● स्थानीय क्षेत्रमा पाइने | ● घरवाट ५ वटा फूल वा विरुवा ल्याई नाम सहित वताउन लगाउने साथै | ५ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | यकता र महत्व बताउन | ता र महत्व | ● विद्यालय बालबगैँचाबाट हुने फाइदा | ● विद्यालय बालबगैँचा बनाउनु पर्ने कारणको सूचि प्रश्तुत गर्ने<br>● बालबगैँचाबाट हुने फाइदाहरु छलफल गराउने<br>● विद्यालयमा रहेको बालबगैँचामा अवलोकन भ्रमण गराउने | सयपत्री, गोदावरी, मखमली, लालुपाते, लालिगुरास, वेगनवेली, जाई, चम्पा आदिको फूल, पात वा विरुवा वा चित्र | वालवगैंचामा रोप्न लगाउने । | |

**कक्षा ३**

| क्षेत्र | सिकाइ उपलब्धी | विषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य कियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रकिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | (क) शङ्खरापुर नगरपालिकाको नामाकरण विषयवस्तु बोध गरी आवश्यकता र सन्दर्भका आधारमा वर्णन गर्न<br>(ख) शङ्खरापुर नगरपालिकाको विकास र तिब्बतसँगको व्यापारका | (क) शङ्खरापुर नगरपालिकाको इतिहास<br>(ख) शङ्खरापुर नगरपालिकामा बसोबास गर्ने जातजातिहरूको पचियय | (क) शङ्खरापुर नगरपालिकाको नामाकरण : सात गाउँ, शङ्खाकार,<br>(ख) शङ्खरापुर नगरपालिकाको विकास र तिब्बतसँगको व्यापार<br>(ग) भृकुटीको विवाह प्रसङ्ग<br>(घ) शङ्खरापुर नगरपालिकामा | (क) शङ्खरापुर नगरपालिकाको उत्पत्तिका बारेमा स्थानीय अभ्यासमा रहेको कथन, घटना र प्रसङ्ग सुनाई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने<br>(ख) शङ्खरापुर नगरपालिकाको इतिहास समेटिएका शिलालेख, ताम्रपत्रलगायतका सामग्री प्रदर्शन गरी तिनीहरुको अध्ययन गर्ने लगाउने<br>(ग) शङ्खरापुर नगरपालिकाको ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री | शिलालेख, ताम्रपत्र, ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री, श्रृङ्गारका सामग्री, विभिन्न जातजातिहरुको भेषभूषा, भाषा र विशेष खाद्य परिकार वा तिनका चित्र | (क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>(ख) सिकाइ सहजीकरणका क्रममा छलफल ( युगल, सामूहिक) मा सहभागिता समूह कार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घटना टिपोट गरी कक्षामा प्रस्तुत गर्न<br>(ग) भृकुटीको विवाहका बारेमा तथ्य वा घटनाको सूची निर्माण तथा प्रदर्शन गर्न<br>(घ) शङ्खरापुर नगरपालिकामा बसोबास गर्ने जातजातिको भेषभूषा, भाषा र विशेष खाद्य परिकार बताउन | | बसोबास गर्ने जातजाति ( तामाङ, नेवार, बाहुन, क्षेत्री, गुरुङ, मगर लगायत) | प्रदर्शन गरी अन्तरक्रिया गर्न लगाउने<br>(घ) शङ्खरापुर नगरपालिकाको बाटो हुँदै तिब्बतसँग गरिने व्यापारको घटना सुनाउने र त्यसबेला हुने व्यापारका सामानको सूची प्रदर्शन गर्न लगाउने । प्रदर्शित सामग्री र स्थानीय बजारमा हाल किनिने तथा बेचिने सामग्रीको तुलना गर्न लगाई समानता र भिन्नता पहिचान गर्न लगाउने<br>(ङ) भृकुटीको विवाह भएको स्थानको स्थलगत भ्रमण गराई विवाहको भूमिका अभिनय गर्न लगाउने । भूमिका अभिनया गर्दा विद्यार्थीलाई बेहुली, बेहुली, जन्ती, केटा पक्ष, केटी पक्षको भूमिका छनोट तथा अभिनय गर्न लगाउने<br>(च) विभिन्न जातजातिको भेषभूषा, भाषा र विशेष खाद्य परिकार समेटिएका चित्र प्रदर्शन गर्ने र त्यसका आधारमा छलफल गर्न लगाउने<br>(छ) विद्यार्थीलाई आफ्नो जातिगत पहिचान झल्किने पोसाक लगाई विशेष खाद्य परिकार प्रदर्शन गर्न उत्प्रेरित गर्ने<br>(ज) एकअर्को जातिका पहिरन, भाषा र खाद्य परिकारका राम्रा पक्ष टिपोट गरी प्रस्तुत गर्न लगाउने | | (ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) लिखित अभ्यास गर्न लगाउने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्राकृतिक स्रोत र संपदा** | (क) प्राकृतिक स्रोतको वितरणको अवस्था अवलोकन गरी त्यसको चित्रण र प्रस्तुति गर्न<br>(ख) प्राकृति स्रोतको महŒव बोध गरी मौखिक तथा लिखित रूपमा अभिव्यक्त गर्न<br>(ग) अभिभावक, शिक्षक वा अन्य जानकार व्यक्तिको सहयोग लिई स्थानीय सम्पदाका बारेमा जानकारी हासिल गरी छोटकरी बताउन<br>(घ) स्थानीय सम्पदाको महŒव बोध गरी बुँदागत | (क) प्राकृतिक स्रोतको अवस्था<br>(ख) स्थानीय सम्पदा | (क) प्राकृतिक स्रोतको वितरणको अवस्था<br>(ख) प्राकृतिक स्रोतको महŒव<br>(ग) स्थानीय सम्पदाको परिचय<br>(घ) स्थानीय सम्पदाको महŒव | (क) शङ्खरापुर नगरपालिकाका प्राकृतिक स्रोतका नाम र यिनीहरूको वितरणको अवस्था चित्रण हुने नक्सा, चित्र वा तालिका बनाई कक्षामा प्रस्तुत गर्ने । उक्त नक्सा, चित्र वा तालिकाका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने । नक्सा, चित्र वा तालिकामा केही थपघट गर्नुपर्ने भएका सोका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने ।<br>(ख) कक्षामा छलफल गरिएका स्रोतअनुसार विद्यार्थीको समूह निर्माण गरी स्थलगत अध्ययन भ्रमण गर्न र सोका आधारमा प्रतिवेदनका लागि परियोजना कार्य प्रदान गर्ने । यसका लागि विद्यार्थी आफ्नो पायक पर्ने स्थानका स्रोत वा भिन्न स्थानका स्रोत वा मिश्रित हुने गरी विद्यार्थीको समूह बनाई समूहमा काम गर्न उत्प्रेरित गर्ने ।<br>(ग) समूहको प्रतिवेदनलाई समेटी शिक्षकले शङ्खरापुर नगरपालिकाभित्रको प्राकृतिक स्रोत अवस्था पुनः बताइदिने<br>(घ) दैनिक कार्यव्यवहार तथा स्वस्थ जीवन शैलीका लागि प्राकृतिक स्रोतको महŒव बताई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने । छलफल | (क) सान्दर्भिक तस्बिर वा चित्र<br>(ख) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्म विश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यासको | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रूपमा प्रस्तुत गर्न | | | तथा प्रश्नोत्तरलाई मौखिक तथा मौखिक दुवै रूपमा अभ्यास गराउने । उक्त अभ्यासका उत्पादनलाई स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन तथा समूह मूल्याङ्कन गर्ने वा गराउने अवसर प्रदान गर्ने<br>(ङ) शङ्खरापुर नगरपालिकाका स्थानीय सम्पदाका विभिन्न सामग्री वितरण वा प्रदर्शन गरी तिनीहरुको अध्ययन गर्ने लगाउने ।<br>(च) विद्यार्थीको पूर्वज्ञान, अनुभव र अध्ययन गरिएका सामग्रीका आधारमा स्थानीय सम्पदाको मौलिक परिचय निर्माण तथा प्रस्तुत गर्न सहयोग गर्ने<br>(छ) परिचय निर्माणका क्रममा आएका विषयवस्तु समेटी यसको महŒव सम्बद्ध विषयवस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>(ज) उल्लिखित कार्य गर्दा सूचना प्रविधिलाई माध्यमका रूपमा उपयोग गरी उपलब्ध श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने । विषयवस्तुलाई थप स्पष्ट पार्न आवश्यकतानुसार सामग्री निर्माण र प्रयोग पनि गर्ने गराउने । | | मूल्याङ्कन गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **संस्कार र संस्कृति** | ● च्याम्देन माने, पटाप,सामदेन छोइलिङ, स्याउरी जोहो भूमे डाँडा, कुण्डेश्वर, सात कन्यादेवी, लिङ्गेश्वर, शिवमन्दिको परिचय दिन<br>● च्याम्देन, मानेपटाप,सामदेन, छाउलिङ, स्याउरी जोहो भूमे डाँडा, कुण्डेश्वर, सात कन्यादेवी, लिङ्गेश्वर, शिवमन्दिरसँग सम्बन्धित विभिन्न पर्वहरु मनाउने तरिका र पूजा विधिको बारेमा भन्न | ● विश्वम्भर नारायणको ऐतिहासिक र धार्मिक महत्व<br>● च्याम्देन माने, पटाप, सामदेन छोयलिङ गुम्बाको परिचय<br>● स्याउरी ज्योहो भूमे डाँडा पर्व<br>● कुण्डेश्वर, सात कन्यादेवी, लिङ्गेश्वर र शिव मन्दिरको परिचय | ● चाँगुनारायणबाट आउने पूजा, महिना, गते र सामग्रीको विवरण<br>● स्थानीयबाट गरिने पूजाको विधि<br>● विश्वमभरा नारायणको ऐतिहासिक र धार्मिक महत्त्व<br>● च्याम्देन, मानेपटाय,सामदेन, छाउलिङ, स्याउरी जोहो, भूमे डाँडा, कुन्डेश्वर, सातकन्यादेवी, लिङ्गेश्वर, शिवमन्दिरको पूजा गर्ने समुदाय, समय , मनाइने ठाउँको विवरण | ● विश्वम्भर नारायण, च्याम्देन, मानेपटाप,सामदेन छोइलिङ, स्याउरी जोहो, भूमे डाँडा, कुण्डेश्वर, सात कन्यादेवी, लिङ्गेश्वर, शिवमन्दिर जस्ता ऐतिहासिक र धार्मिक स्थलसँग सम्बन्धित चित्र, पोस्टर, भिडियो देखाई छलफल र प्रश्नोत्तर गर्न लगाउने<br>● ऐतिहासिक र धार्मिक स्थलको अवलोकन भ्रमण गराउने<br>● ऐतिहासिक र धार्मिक स्थलसँग सम्बन्धित विभिन्न पर्वहरु मनाउने तरिका सिकाउने<br>● ऐतिहासिक र धार्मिक स्थलसँग सम्बन्धित विभिन्न पर्वहरुको पूजा विधिको बारेमा भन्ने तथा स्थानीय विज्ञहरु बोलाएर अन्तरक्रिया गराउने । | ● विश्वमभरा नारायण, च्याम्देन, मानेपटाय,सामदेन, छोइलिङ, स्याउरी जोहव भूमे डाँडा, कुन्डेश्वर, सात कन्यादेवी, लिङ्गेश्वर, शिवमन्दिरसँग सम्बन्धित भिडियो<br>● विश्वम्भरनारायण को चित्र र स्थानीय पूजा सामग्री<br>● च्याम्देन माने, पटापको चित्र<br>● गुम्बाको तस्बिर, लामाको विभिन्न क्रियाकलापको तस्विर<br>● भूमे डाँडाको तस्विर<br>● कण्डेश्वरको तस्विर<br>● सात कन्यादेवी, लिङ्गेश्वरको तस्विर | ● स्थानीय ऐतिहासिक र धार्मिक स्थलको सूची भन्न लगाउने<br>● विश्वम्भर नारायण, च्याम्देन माने, पटाप, सामदेन छाइलिङ, स्याउरी जोहो भूमे डाँडा, कुन्डेश्वर, सातकन्यादेवी, लिङ्गेश्वर, शिवमन्दिरको बारेमा भन्न लगाउने | ४० घण्टी |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | ● खयकुँ दोभानको पौराणिक महत्व भन्न<br>● खयकुँ दोभानको धार्मिक र सामाजिक महत्व बताउन | ● खयकुँ दोभानको पौराणिक आख्यानको जानकारी,<br>● सालीनदी मेलाको | ● खयकुँ दोभानको ऐतिहासिक, धार्मिक र सामाजिक महत्व<br>● सालीनदीको ऐतिहासिक परिचय | ● खयकुँ दोभान र साली नदीको फोटो, भिडियो प्रदर्शन गर्ने<br>● खयकुँ दोभान र साली नदीको स्थलगत भ्रमण गराउने<br>● खयकुँ दोभान र साली नदीको स्थलगत भ्रमण गर्दा देखिएका | ● खयकुँ दोभान र साली नदीको फोटो, भिडियो<br>● खयकुँ दोभान र साली नदीको ब्रोसर, पत्रपत्रिका, स्थानीय लेख | ● खयकुँ दोभान किन महत्वपूर्ण छ भन्न लगाउने<br>● सालीनदीको मेलाका बारेमा भन्न लगाउने | २५ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● सालीनदी मेला र एक महिने स्वस्थानी ब्रतको बारेमा भन्न | परिचय तथा महत्व | तथा स्वस्थानी कथा विवरण<br>● एक महिने स्वस्थानी ब्रत | मुख्य विषयवस्तु समेटी प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>● एक महिने स्वस्थानी ब्रत बसेका मानिसहरुको अनुभव सुन्ने अवसर दिएर छलफल गराउने । | | | |
| **पेशा उद्यमशिलता र प्रविधि** | ● स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरु प्रस्तुत गर्न<br>● स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको प्रयोग गर्न | ● स्थानीय र परम्परागत पेशा र प्रविधिको संरक्षण | ● स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरु<br>● स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको उपयोग (जस्तैः हलोः जोत्न, नाङ्लोः अन्न केलाउन, सुकाउन, पानीघट्टः अन्न पिस्न) | ● स्थानीय क्षेत्रमा पाईने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको सूची बनाउन लगाउने र उक्त सामग्रीहरुको जस्तैः हलोः जोत्न, नाङ्लोः अन्न केलाउन, सुकाउन, पानीघट्टः अन्न पिस्न) उपयोगबारे छलफल गर्ने ।<br>● परम्परागत सामग्रीहरु जस्तैः हलो नाङ्लोः पानीघट्ट) बनाउने मानिसहरुसँग भेट गराई निमार्ण प्रक्रिया अवलोकन गराउने ।<br>● स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरुबारे जानकारी दिन स्थानीय विज्ञबाट प्रस्तुतिकरण गर्न लगाई निष्कर्ष दिने । | ● स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको सूची र तिनीहरुको उपयोग सम्बन्धी ब्रोसर, पोस्टर, भिडीयो<br>● पेशा व्यवसायबाट मानिसलाई हुने फाइदाहरु बुझाउने चार्ट | ● स्थानीय क्षेत्रमा पाईने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको चित्र सहित सूची बनाउनुहोस् ।<br>● स्थानीय क्षेत्रमा पाईने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको उपयोगबारे प्रश्नोत्तर गर्ने ।<br>● पेशा व्यवसायबाट | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मानिसलाई हुने फाइदाहरुको सूची तयार पारी प्रस्तुत गर्न लगाउने । | |
| **स्वास्थ्य र सरसफाइ** | • भोजनको धारणा भन्न।<br>• दैनिक भोजन तालिका प्रयोग गर्न<br>• भोजनको आवश्यकता बताउन ।<br>• स्थानीय खेलहरूको सूची बनाउन<br>• स्थानीय खेलहरू खेल्न<br>• खेलको महत्व भन्न | • दिवा खाजाको आवश्यकता र महत्व,<br>• व्यक्तिगत सामग्रीहरू को हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• स्थानीय खेलहरुको अभ्यास | • भोजनको अर्थ<br>• भोजन तालिका<br>• भोजनको आवश्यकता<br>• डण्डीबियो बाघचाल, कवर्दी<br>• स्थानीय खेलको अभ्यास<br>• स्थानीय खेलको महत्व | • भोजनको अर्थ लेखिएको चार्ट र भोजन तालिका देखाउदै छलफल गर्ने।<br>• विद्यालयमा स्थानीय रुपमा पाइने अन्न, तरकारी, फलफूलबाट बन्ने भोजनको प्रकारको तालिका बनाउने र भोजन तालिका अनुसार घर र विद्यालयमा प्रयोग गर्दा पुग्ने फाइदाको बारेमा बताउने ।<br>• भोजनको आवश्यकता र महत्वको बारेमा गीत बनाएर गाउने, गाउने लगाउने ।<br>• सरसफाइको अर्थ र परिचय बताइ आवश्यकताको बारेमा छलफल गराउने ।<br>• डण्डीबियो बाघचाल, कवर्दी खेलको अभ्यास गराउने । | • स्थानीय अन्न, फलफूल र तरकारीहरू, फलफुल तथा ता।कारीको चार्ट<br>• डण्डी, गट्टा<br>• सरसफाइ र फोहरको चार्ट<br>• खेल खेलेको भिडियो | • भोजनको अर्थ भन्न र लेख्न लगाउने ।<br>• भोजनको आवश्यकता किन पर्छ सोध्ने।<br>• दैनिक रुपमा घरमा प्रयोग गरिने भोजन तालिका बनाउन लगाउने ।<br>• सरसफाइको अर्थ र परिचय सोध्ने । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● खेलको महत्व छलफल गराउने ।<br>● विद्यालय रहेको समूदायमा उपलब्ध हुने खेलाडि तथा प्रशिक्षकहरुसँग विद्यार्थीहरुको अन्तरक्रिया गराउने । | | ● खेलको महत्व भन्न लगाउने ।<br>● विद्यार्थीले डण्डीबियो बाघचाल, कवर्दी खेल खेलेको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | ● प्रकोप /विपद्को परिचय दिन | ● प्रकोप/ विपद्को परिचय | ● प्रकोप अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, आगलागि, चट्याङ, सडक दुर्घटना आदिको जानकारी | ● बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रको बारेमा छलफल गराउने<br>● भूकम्प र त्यसले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रश्तुत गरी छलफल गराउने<br>● शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने | ● बाढी, पहिरो, भूक्षय आदिको चित्र/पोस्टर<br>● भूकम्पले घर भत्काएको अवस्थाको चित्र<br>● श्रव्यदृष्य सामग्री लगायतका सुचना प्रविधि | ●आफ्नो घर वरिपरिका प्रकोप तथा विपद्को सूचि बनाउन लगाउने<br>●आफूले देखेका/भोगेका प्रकोप तथा विपद्का घटनाहरुको नाम बताउन लगाउने । | ५ घण्टी |
| | ●आफ्नो वरिपरीको वातावरणको परिचय दिन | हाम्रो वातावरण | ● प्राकृतिक वातावरण जस्तै वन, वन्यजन्तु, | ● वातावरणको परिचय दिदा आफ्नै कक्षाकोठा, विद्यालय, घर तथा समुदायको वातावरणलाई उदाहरणको रुपमा छलफल गर्ने | ● प्राकृतिक वातावरण जस्तै वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो चित्र | ● वातावरणको अर्थ वताउन लगाउने | ५ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नदी, खोलानाला, ढुङ्गा, माटो<br>● मानव निर्मित वातावरण जस्तैः खेतिपाती, वगैंचा, करेसावारी, पोखरी, कुवा, मानववस्ती, मन्दिर, गुम्वा, चैत्य, चर्च आदि | ● प्राकृतिक वातावरण जस्तै वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो तथा मानव निर्मित वातावरण जस्तैः खेतिपाती, वगैंचा, करेसावारी, पोखरी, कुवा, मानववस्ती, मन्दिर, गुम्वा, चैत्य, चर्च आदिको चित्र वा भ्रमणको माध्यमवाट छलफल गराउने । | ● मानव निर्मित वातावरण जस्तैः खेतिपाती, वगैंचा, करेसावारी, पोखरी, कुवा, मानववस्ती, मन्दिर, गुम्वा, चैत्य, चर्च आदिको चित्र<br>● श्रव्यदृष्य सामग्री लगायतका सुचना प्रविधि | ● वातावरणको प्रकार उदाहरण सहित भन्न लगाउने | |

कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धी | विषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | (क) शङ्खरापुर नगरपालिको भूबनोट पहिचान गरी त्यसका आधारमा क्षेत्रगत वर्गीकरण गर्न<br>(ख) मौसम अनुसार शङ्खरापुर नगरपालिकाको हावापानीमा आउने भिन्नता पहिल्याउन<br>(ग) मौसम अनुसारका पोसाक तथा खाद्य परिकार पहिचान गरी दैनिक व्यवहारमा उपयोग गर्न<br>(ग) शङ्खरापुर नगरपालिकाको वनजङ्गल तथा नदीनालाको | (क) शङ्खरापुर नगरपालिकाको भौगालिक र वातावरणीय अवस्थाको परिचय<br>(ख) प्रारम्भिक मानव बस्ती | (क) शङ्खरापुर नगरपालिकाको भूबनोट<br>(ख) शङ्खरापुर नगरपालिकाको हावापानी<br>(ग) शङ्खरापुर नगरपालिकाको वनजङ्गल तथा नदीनाला<br>(घ) शङ्खरापुर नगरपालिकाको प्रारम्भिक मानव बस्ती<br>(ङ) शङ्खरापुर नगरपालिकामा हालको मानव बस्ती र यसको अवस्था | (क) नक्सा तथा चित्र प्रदर्शन गरी शङ्खरापुर नगरपालिकाको भूबनोट पहिचान गर्न र त्यसका आधारमा क्षेत्रगत वर्गीकरण प्रस्तुत गर्न लगाउने<br>(ख) भूबनोटका आधारमा जातिगत बसोबास, पहिरन र पेसाको सूची निर्माण तथा प्रस्तुत गर्न लगाउने<br>(ग) मौसम अनुसार शङ्खरापुर नगरपालिकाको हावापानी विविधता झल्किने चित्र, श्रब्य, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी छलफल तथा प्रश्नोत्तर गर्न लगाउने ।<br>(घ) हावापानीको भिन्नता हुँदा लगाउने पोसाक, खाद्यपरिकार सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने र यिनीहरूको प्रयोग विधिका बारेमा छलफल गराउने<br>(ङ) हावापानीको भिन्नता हुँदा गरिने क्रियाकलाप तथा लगाइने पोसाकका बारेमा अभिभावक तथा टोलछिमेकका पाका व्यक्तिसँग छलफल गर्न लगाई त्यस क्रममा पाइएका विशेष | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) जातिगत पहिरन, खाद्य परिकार र पेसा झल्काउने सामग्री वा तिनका चित्र<br>(ग) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. लिखित अभ्यास गराएर<br>४. हाजिरीजवाफ सञ्चालन गरेर<br>५. हिज्जे प्रतियोगिता सञ्चालन गरेर<br>६. प्रश्नोत्तर गरेर<br>७. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>८. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>९. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सूची निर्माण गरी तिनका बारेमा छोटकरीमा बताउन<br>(घ) शङ्खरापुर नगरपालिकाको प्रारम्भिक मानव बस्तीका बारेमा जानकारी हासिल गरी कक्षामा प्रस्तुत गर्न<br>(ङ) शङ्खरापुर नगरपालिकामा हालको मानव बस्ती र यसको वितरणलाई चित्र मार्फत प्रस्तुत गरी त्यसको वर्णन गर्न | | | कुरा कक्षामा प्रस्तुत गर्न लगाउने<br>(च) शङ्खरापुर नगरपालिकाको प्रारम्भिक मानव बस्तीका बारेमा सामग्री अध्ययन, समाजका ज्येष्ठ व्यक्तिसँग अन्तरक्रिया तथा सूचना प्रविधिका सामग्रीको अवलोकन तथा अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । यस्ता कार्यमा शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई नेतृत्व गर्न उत्प्रेरित गर्ने<br>(छ) प्रारम्भिक मानव बस्तीले निर्माण गरेका चित्रहरु विद्यार्थीलाई सङ्लन गर्न लगाउने ।<br>(च) शङ्खरापुर नगरपालिकामा हालको मानव बस्ती र यसको वितरणलाई समावेश गरी नमुना चित्र गरी प्रस्तुत गर्ने ।<br>(छ) नमुना चित्र जस्तै चित्र निर्माण वा नक्सा सङ्कलन गरी त्यसका आधारमा सङ्क्षिप्त वर्णन गर्न लगाउने | | | |
| **प्राकृतिक स्रोत र संपदा** | (क) प्राकृतिक स्रोतको विगत र वर्तमान अवस्थाको तुलनात्मक विश्लेषण गर्न | (क) प्राकृतिक स्रोतको संरक्षण<br>(ख) प्राकृतिक स्रोतको उपयोगिता | (क) प्राकृतिक स्रोतको विगत र वर्तमान अवस्थाको तुलना<br>(ख) प्राकृतिक स्रोत संरक्षणको उपाय पहिचान र | (क) विद्यार्थीलाई आफ्ना टोलछिमेक वा समुदायमा रहेका ज्येष्ठ वा अनुभवी व्यक्तिसँग गई प्राकृतिक स्रोतको विगतका बारेमा छलफल तथा जानकारी टिपोट गर्न लगाउने। | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) श्रव्यदृश्य सामग्री | (क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>(ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ख) प्राकृतिक स्रोत संरक्षणको उपाय पहिचान गरी तिनको कार्यान्वयनमा सहयोग गर्न<br>(ग) प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरूको सूची निर्माण गर्न<br>(घ) भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकता बोध गरी स्थानीय समुदायलाई सुसूचित गर्न | | तिनको कार्यान्वयन<br>(ग) प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरू<br>(घ) भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकता | (ख) विद्यार्थीको ससाना समूह निर्माण गरी उपलब्ध जानकारीलाई छलफल र त्यसको सार वा निष्कर्ष समूहगत सार वा निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न लगाउने । त्यसपछि प्राकृतिक स्रोतको वर्तमान अवस्थाको तुलनात्मक विश्लेषण गर्न सहयोग गरी थप छलफल र प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने<br>(ग) स्थानीय विज्ञ, सङ्घसंस्था, समाजका अगुवा, स्थानीय राजनीतिक नेतृत्व तथा नगरपालिकामा कार्यरत जनशक्ति लगायतका व्यक्तिसँग छफलफ तथा अन्तरक्रिया गरी प्राकृतिक स्रोत संरक्षणको उपाय पहिचान गर्न लगाउने ।<br>(घ) प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरूको सूची निर्माण गरी कक्षा प्रस्तुत गर्ने । त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने<br>(ङ) भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकताका बारेमा सान्दर्भिक लेखरचना, सान्दर्भिक पुस्तक तथा श्रव्यदृश्य सामग्री वितरण गरी अध्ययन गर्न लगाउने । अध्ययनपछि | | समूह कार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>(ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गरेर<br>(घ) लिखित अभ्यास गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आआफ्ना सिकाइ टिपोट गर्न लगाई स्थानीय समुदाय समुपस्थितिमा सो शीर्षकमा प्रवचन, वक्तृता वा वादविवाद कार्यक्रम सञ्चालन गर्ने र स्थानीय जनसमुदायलाई सुसूचित गर्न लगाउने । | | | |
| **संस्कार र संस्कृति** | • साँखुको जात्राको परिचय दिन<br>• बज्रयोगिनी जात्राको परिचय दिन ।<br>• माधव नारायण र स्वस्थानी व्रतको परिचय दिन ।<br>• पायो जात्रा, गोरखनाथ जात्राको परिचय दिन । | • साँखुको जात्रा परम्परा<br>• माधवनारायण र स्वस्थानी व्रत परिचय | • साँखु जात्राको प्रस्तुतीकरणमा खट बनाएर, चित्र, मूर्ति राखेर जात्रा गरेको विवरणसहितको परिचय<br>• बज्रयोगिनी जात्राको परिचय<br>• माधवनारायण र स्वस्थानी व्रतको विधि<br>• पायो जात्राको परिचय<br>• गोरखनाथ जात्राको परिचय | • साँखु जात्राको परम्परा र महत्वको बारेमा प्रश्नोत्तर गर्ने तथा स्थानीय बिज्ञसँग छलफल गराउने ।<br>• साँखु जात्रामा खट, मूर्ति चित्र आदि देखाएर खट बोकेको अभिनय गर्न लगाउने ।<br>• साँखु भिडियो प्रदर्शन गरी कक्षामा छलफल गराउने ।<br>• जात्रामा प्रयोग हुने बाजागाजाको सामग्री ल्याएर देखाउन लगाउने ।<br>• स्वस्थानी ब्रत बस्ने तरिका, परम्परा र महत्वको बारेमा छलफल गराउने ।<br>• स्वस्थानी ब्रतको बारेमा स्थानीय विज्ञसँग अन्तरक्रिया गराउने ।<br>• स्वस्थानी व्रत कसरी बसिन्छ अभिनय गरेर देखाउने<br>• माधव नारायणको मूर्ति देखाउने ।<br>• पायो जात्रामा लगाउने सामग्रीको प्रस्तुत गराउने | • मूर्ति, खट, बाजा, पुस्तक<br>• जात्रामा प्रयोग गर्ने स्थानीय लुगा<br>• स्वस्थानीको पूजा सामग्री<br>• माधवनारायण को पूजा सामग्री<br>• पायो जात्रा, गोरखनाथ जात्राको पूजा सामग्री | • स्थानीय रुपमा मनाइने जात्राको नाम भन्न लगाउने<br>• स्वस्थानी व्रत कसरी गरिन्छ भन्न लगाउने<br>• बज्रयोगिनी, पायो जात्रा, गोरखनाथ जात्रा, नारायण र स्वस्थानी व्रत मनाउन के के सामग्री चाहिन्छ सूची बनाउन लगाउने | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● गोरखनाथ जात्राको समयमा लगाउने सामग्री देखाउने । | | | |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | ● शङ्खरापुर नगरपालिकाको उच्च भाग जहरसिंहपौवा, झुले र देउरालीमा प्याराग्लाइडिङको सम्भावना र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्न सकिने स्थान परिचय दिन<br>● सलम्बुदेवीको ऐतिहासिक विकास तथा पिकनिक पार्क र आन्तरिक पर्यटन प्रवर्धनको सम्भावना बताउन<br>● झुले र देउराली क्षेत्रमा होटल व्यवसाय र पाराग्लाइडिङ व्यवसायबाट पर्यटन प्रवर्धनको महत्व बताउन | ● प्याराग्लाइडिङ को परिचय<br>● सलम्बुदेवी पार्क, झुले, देउरालीको परिचय | ● प्याराग्लाइडिङको परिचय<br>● प्याराग्लाइडिङको महत्व<br>● प्याराग्लाइडिङसँग सम्बन्धित पर्यटकीय उद्योग विकास<br>● सलम्बुदेवीको धार्मिक र ऐतिहासिक स्थलको परिचय<br>● झुले र देउरालीमा होटल व्यवसाय<br>● मणिचुड र बज्रयोगिनी क्षेत्रको पर्यटकीय, धार्मिक र ऐतिहासिक चिनारी र महत्व | ● शङ्खरापुर नगरपालिकाको उच्च भाग जहरसिंहपौवा, झुले र देउरालीमा प्याराग्लाइडिङको सम्भावना र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन सम्बन्धी श्रव्य दृश्य, फोटो, ब्रोसर आदिको प्रयोग गरी छलफल र प्रश्नोत्तर गर्ने<br>● सलम्बुदेवी, मणिचुड र बज्रयोगिनीको ऐतिहासिक विकास तथा वनभोज स्थालको बारेमा फोटो, भिडियो, श्रव्यदृश्य सामग्री प्रयोग गरी छलफल गर्ने<br>● सलम्बुदेवी, मणिचुड र बज्रयोगिनीको ऐतिहासिक विकास तथा वनभोज स्थलको बारेमा अवलोकन भ्रमण गराई स्थानीय जानकार व्यक्तिसँग अन्तरक्रिया गर्न लगाउने | ● शङ्खरापुर नगरपालिकाको उच्च भाग जहरसिंहपौवा, झुले, देउराली सम्बन्धी श्रव्य दृश्य सामग्री, फोटो, ब्रोसर<br>● सलम्बुदेवी, मणिचुड र बज्रयोगिनीको ऐतिहासिक विकास तथा पिकनिक पार्कको बारेमा फोटो, भिडियो, श्रव्यदृश्य सामग्री | ● जहरसिंहपौवाको ऐतिहासिक महत्वका बारेमा टिपोट गरी प्रस्तुत गर्न लगाउने<br>● सलम्बुदेवीको धार्मिक पक्ष समेटेर रिपोर्ट तयार गर्न लगाउने<br>● विद्यालय नजिकको कुनै एउटा पर्यटकीय क्षेत्रको परिचय लेख्न लगाउने | १६ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● मणिचुड र बज्रयोगिनी क्षेत्रको पर्यटकीय क्षेत्रको महत्व बताउन | | | | | | |
| **पेशा उद्यमशिलता र प्रविधि** | ● पुराना र स्थानीय प्रविधिमा आधारित सामग्रीहरुको परिचय दिन र प्रयोग गरेर देखाउन । | ● पुराना तथा स्थानीय प्रविधिमा आधारित सामग्रीहरु को परिचय र प्रयोग | ● पुराना प्रविधि (ढिकी, जाँतो, ओखल, पानीघट्ट, उर्गल-लुसी, काठको भऱ्याङ, उखु पेल्ने कोल, तेलको मिल, काठको भाँडा बनाउने स्थानीय प्रविधि ) बारे परिचय, तिनीहरुको काम वा प्रयोग | ● स्थानीय परम्परागत प्रविधि ( ढिकी, जाँतो, ओखल, पानीघट्ट, उर्गल-लुसी, उखु पेल्ने कोल, तेलको मिल लगायत) संचालन भएको ठाउँमा लगी अवलोकन गराउने र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने ।<br>● स्थानीय परम्परागत सामग्री बनाउने मानिससँग भेट गराई उक्त सामग्री बनाउने तरिकाबारे देखाउन लगाउने र छलफल गराउने । | ● स्थानीय परम्परागत प्रविधि (ढिकी, जाँतो, ओखल, पानीघट्ट, उर्गल-लुसी, उखु पेल्ने कोल, तेलको मिलको फोटो र तिनीहरु बनाउने तरिकाबारे जानकारी मुलक पोस्टर, ब्रोसर आदि । | ● आफ्नो घर/ विद्यालय नजिक पाईने स्थानीय परम्परागत प्रविधिमा आधारित सामग्रीहरुको नाम टिपोट गरी त्यसको प्रयोगबारे लेख्नुहोस्।<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित कुनै दुईवटा सामग्रीहरुको चित्र बनाई त्यसको उपयोगबारे लेखी कक्षामा प्रस्तुत गनुहोस् ।<br>● अवलोकन भ्रमणका आधारमा आफूले सिकेका पाँचवटा बुँदाहरु टिपी प्रस्तुत गर्नुहोस् । | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **स्वास्थ्य र सरसफाइ** | • स्वस्थ र अस्वस्थ भोजन के के हुन छुट्याउन ।<br>• स्वस्थ र अस्वस्थ भोजनका फाइदा वेफाइदा बताउन ।<br>• स्वस्थ भोजनको प्रयोग गर्न ।<br>• सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका बताउन र अभ्यास गर्न।<br>• कक्षा कोठाको सफाइको आवश्यकता भन्न र | • स्वास्थ्यकर र पत्रु खाना<br>• सुत्ने र बस्ने तरिका<br>• कक्षाकोठा को सरसफाइ | • घरमा बनेका खानाहरु,<br>• शरीरलाई शक्ति दिने, बृद्धि गर्ने र रक्ष गर्ने खानाका प्रकारहरु भिटामिन, कार्वहाइड्रेट, प्रोटिन मिसिएका खाना स्वस्थकर खाना,<br>• पत्रु भोजन ( जङ्क फुड) को बेफाइदा<br>• ताजा र बासी खाने कुरा र यसले शरीरमा पार्ने प्रभाव<br>• सुत्ने र बस्ने सहि तरिका<br>• कक्षाकोठाको सरफाइको आवश्यकता र महत्व | • स्वस्थ भोजनका फाइदा र अस्वस्थकर भोजनले पुऱ्याउने नोक्सानबारे छलफल गराउने<br>• कुन कुन खानामा भिटामिन, प्रोटिन, कार्वहाइड्रेट पाइन्छ छलफल गराउने ।<br>• स्वस्थकर र अस्वस्थकर खानाका फाइदा बेफादाको सूचि बनाइ छलफल गराउने ।<br>• कस्ता कस्ता खानेकुराले शारीरिक, मानसिक वृद्धि गराउछ बताउने ।<br>• ताजा र बासी खाने कुरा र यसले पुऱ्याउने फाइदा बेफाइदाका बारेमा छलफल गराउने<br>• खानालाइ कसरी सुरक्षित राख्ने बताउने।<br>• उठ्ने, बस्ने र सुत्ने तरिका जस्तै उत्तानो, देब्रे, दाहिने, घोप्टो आसनका चित्रहरू देखाइ अभ्यास गराउने | • स्वस्थकर र अस्वस्थकर भोजनका चित्रहरू<br>• सत्ने आसनका चित्रहरू<br>• सफा र फोहर कक्षाकोठाक ो चित्र | • स्वस्थ र अस्वस्थ भोजनका फाइदा बेफाइदा बताउन लगाउने<br>• स्वस्थ र अस्वस्थ भोजनको सूची बनाउन लगाउन<br>• खानालाइ कसरी सुरक्षित राख्न सकिन्छ सोध्ने ।<br>• कार्वहाइड्रेट, भिटामिन, प्रोटिन कुन कुन खानेकुरामा पाइन्छ सोध्ने।<br>• सुत्ने आसनको अभ्यासको मूल्याँकन गर्ने ।<br>• दैनकि कक्षाकोठा सरसफाइ गर्न समुह बनाइ गर्न लगाउने र पृष्ठपोषणक दिने | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षाकोठा सफा गर्न | | | ● कक्षा कोठाको सफाइ गर्न लगाउने | | | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | प्राकृतिक र मानव निर्मीत प्रकोप र विपद्को पहिचान गरि हानि नोक्सानीको बारेमा बताउन | ● प्रकोप/विपद् को परिचय | ● प्राकृतिक प्रकोप/विपद् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ्ग<br>● मानव निर्मित प्रकोप/विपद् अन्तर्गत आगलागि, सडक दुर्घटना आदि | ● आफुले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रको बारेमा प्राकृतिक वा मानव निर्मित विचको भिन्नताको बारेमा छलफल गराउने<br>● बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रश्तुत गरी छलफल गराउने<br>● शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने | ● स्थानीय स्तरमा भएका प्रकोप/विपद् का चित्र, वृतचित्र, श्रव्यदृष्य सामग्री लगायतका सुचना प्रविधि | ● आफुले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को सुचिकरण गर्न लगाउने<br>● मानव निर्मित प्रकोप/विपद्को सुचिकरण गर्न लगाउने<br>● बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र/कविता, गित आदिको माध्यमबाट जानकारी प्रस्तुत गर्न लगाउने । | ६ घण्टी |
| | ● फोहोर व्यवस्थापनका उपाय अवलम्वन गर्न | फोहोर व्यवस्थापन | ● फोहोरको परिचय, घर/विद्यालय/भवन भित्र र वाहिरका फोहोरका स्रोतहरु जस्तै : भान्छाबाट निस्कने फोहोर, विद्यालयमा सरसफाई गर्दा निस्कने फोहोर-कागज, पेन, | ● घर भित्र र बाहिरवाट निस्कने फोहोरहरुको सूचि प्रस्तुत गरी छलफल गराउने<br>● वरिपरी पाईने फोहोरको प्रदर्शन गर्ने, विद्यार्थीलाई समुहमा विभाजन गरि फोहोरको वर्गिकरण गर्न लगाउने<br>● नकुहिने फोहोरबाट विभिन्न सामाग्री बनाउन सिकाउने, कम्पोस्ट गरिएको क्षेत्रको भ्रमण गराउने | चित्र, पोस्टर, वरिपरि रहेका फोहोरमैला नकुहिने फोहोरबाट वनेका सामाग्री, कम्पोस्ट गरिएको क्षेत्रको भ्रमण, श्रव्यदृष्य सामग्री लगायतका सुचना प्रविधि | ● कक्षाकोठाबाट निस्कने फोहोरमैलाको सूचिकरण गर्न लगाउने<br>● आफनो घरमा पाइने फोहोरको वर्गिकरण गरि चार्ट पेपरको माध्यमवाट प्रस्तुतिकरण गर्न लागउने | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पेन्सिल, इरेजर, दिसापिसाव, फोहोर कसिंगर, प्याकेजिङ, खेतबारीबाट निस्कने फोहोर<br>• फोहोरको किसिम-ठोस, तरल/कुहिने, नकुहिने उदाहरण सहित<br>• फोहोर व्यवस्थापनका घच्क ९च्भमगअभ, च्भगकभ बलम च्भअथअभि० सिद्धान्त, नकुहिने फोहोरबाट सामग्री निर्माण, कम्पोस्ट बनाउने विधि, | | | • विद्यालय वरिपरिको फोहोर उपलब्ध गराई कुहिने र नकुहिने फोहोर छुट्टयाउन लगाउने<br>• घरबाट निस्किने फोहोरबाट सामग्री बनाउन लगाउने<br>• घरबाट निस्किने कुहिने फोहोरवाट बनेको कम्पोष्ट ल्याई विद्यालयको वगैंचामा प्रयोग गर्न लगाउने | |
| **स्थानीय व्यक्ति, संस्थाको परिचय** | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका साहित्यक संस्थाहरुको परिचय दिन | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका साहित्यक संस्थाहरु | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका साहित्यक संस्थाहरुको परिचय | • स्थानीय क्षेत्रमा भएका साहित्यिक संस्थाहरुको नाम र कामको सूची बनाउन लगाउने<br>• विद्यालय नजिकको कुनै एक साहित्यिक संस्थाको अवलोकन भ्रमण गराई उक्त संस्थाले गरेका | • साहित्यिक संस्थाहरुको परिचय भएको पुस्तक, ब्रोसर, फोटो, डकुमेन्ट्री | • नजिकको कुनै साहित्यिक संस्थाको भ्रमण गरी स्थानीय क्षेत्रमा भएका साहित्यिक संस्थाहरुको सूची बनाउनुहोस् । | ८ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | • समाज सेवाको अर्थ बताउन | • सामाजिक संघसंस्था र समाज सेवा | • समाज सेवाको अर्थ र महत्व | कार्यहरुबारे विद्यार्थीहरुमाझ छलफल गर्ने<br>• कुनै क्षेत्रमा स्थापित पहिलो स्थानीय समाजसेवीको परिचय र उहाँले गरेका कामहरुको सूची बनाई प्रस्तुत गर्ने | • कुनै क्षेत्रमा स्थापित पहिलो स्थानीय समाजसेवीको परिचय र उहाँले गरेका कामहरुको जानकारीमूलक सामग्रीहरु पुस्तक, ब्रोसर, जीवनी डकुमेन्ट्री लगायत) | • समाजसेवा भनेको के हो परिचय दिनुहोस् ।<br>• अध्ययन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगा । | |

कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा. |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | (क) शङ्खरापुर नगर पालिकाको उचाइ, अक्षांश, र देशान्तर बताउन<br>(ख) नगर पालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या खोजी गरी सन्दर्भका आधारमा उपयोग गर्न<br>(ग) शङ्खरापुर नगरपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरूको सूची निर्माण गरी प्रस्तुत गर्न | (क) शङ्खरापुर नगरपालिकाको क्षेत्रफल<br>(ख) नगरपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या<br>(ग) शङ्करापुर नगरपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू | (क) शङ्खरापुर नगरपालिकाको क्षेत्रफलः क्षेत्रगत उचाइ अक्षांश, देशान्तर<br>(ख) नगर पालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या (तामाङ, नेवार, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, भुजेल, सुनुवार, दलित)<br>(ग) शङ्करापुर नगरपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू (विद्यालय, कलेज, अन्य शैक्षिक सङ्घ संस्थाहरू) | (क) ग्लोब तथा नक्साको प्रयोग गरी शङ्करापुर नगरपालिकाको उचाइ, अक्षांश, र देशान्तरबारेमा छलफल गराउने<br>(ख) शङ्खरापुर नगरपालिकाको भूगोल, अक्षांश, देशान्तर तथा माटाको प्रकार समेटिएका विविध सामग्रीको अध्ययन गरी मुख्य ुमख्य कुरा टिपोट गरी युगल जोडीमा छलफल गर्न लगाउने ।<br>(ग) नगरपालिकाको क्षेत्रफल बताई भूगोल (समथर, पहाडी, खेतीयोग्य जमिन, सहर वा बस्ती र अन्य) क्षेत्रले ओगट्ने क्षेत्रफलको अनुमान गर्न लगाउने<br>(घ) उपलब्ध सन्दर्भ सामग्री, विभिन्न पत्रपत्रिका, स्मारिका र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी नगरपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या पहिचान गर्न परियोजना कार्य गर्नलगाउने ।<br>(ङ) जातजातिगत सूचनालाई स्थानीय जानकार व्यक्ति वा | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | (क) उपलब्ध सामग्रीका आधारमा शङ्खरापुर नगरपालिकाको क्षेत्रफल पहिचान गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>(ख) प्रदर्शित नक्सा वा चित्र जस्तै गरी चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने<br>(ग) कोरिएको नक्सामा नगरपालिकाको बस्ती वा सहर, उचाइ, वनजङ्गल सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | वडा तथा नगरपालिका कार्यलयमा गई यकिन गर्न लगाउने । (च) खोज अनुसन्धान वा परियोजना कार्य गर्दा जनसङ्ख्यामा भिन्नता देखिए सम्बन्धित पक्षलाई सुधार गर्न सहयोग गर्ने ( सही जानकारी उपलब्ध गराउन स्थानीय निकायमा निवेदन दिएर, आफूसँग भएको सही सूचना उपलब्ध गराएर, अभिभावकको सहयोग लिई स्थानीय निकायलाई सचेत गराएर, जानकार व्यक्तिको सूचनामा सुधार गर्न आग्रह गरेर) (छ) शङ्करापुर नगरपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने र यसका आधारमा शैक्षिक सस्थाको सङ्ख्या यकिन गर्न लगाउने (ज) शैक्षिक सङ्घ संस्थाहरू रहेको नक्सा सङ्कलन गरी नक्सामा जस्तै भौगोलिक क्षेत्र झल्किने चित्र निर्माण तथा प्रदर्शन गर्न लगाउने | | गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने (ङ) शङ्खरापुर नगरपालिका र यसको जातजातिगत वितरण र जनसङ्ख्याको सूची निर्माण तथा प्रदर्शन गर्न सके नसकेका आधारमा सिकाइको मापन गर्ने (च) शङ्करापुर नगरपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घसंस्थाहरूका जानकारी भए नभएको प्रश्नोत्तर गरी सिकाइको मापन गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्राकृतिक स्रोत र संपदा** | (क) सिमसार क्षेत्र र ढुङ्गेधाराको परिचय र महŒव बताउन<br>(ख) सिमसार क्षेत्र र ढुङ्गेधाराको संरक्षण उपाय पहिचान गरी तिनको कार्यान्वयनमा सहयोग गर्न | (क) सिमसार क्षेत्र<br>(ख) ढुङ्गेधारा | (क) सिमसार क्षेत्र<br>(अ) परिचय<br>(आ) महŒव<br>(इ) संरक्षण<br>(ख) ढुङ्गेधारा<br>(अ) परिचय<br>(आ) महŒव<br>(इ) संरक्षण | (क) सिमसार क्षेत्रको भूबनोट वा स्वरूप, प्रकृतिलगायतका पक्षका बारेमा छलफल र अन्तरक्रिया गर्ने गराउने । यस क्रममा सान्दर्भिक नक्सा वा चित्र वा अन्य सामग्री प्रदर्शन गर्ने ।<br>(ख) सिमसार क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>(ग) स्थानीय अनुभवी, जानकार वा विज्ञ व्यक्ति आमन्त्रण गरी सिमसार क्षेत्रको परिचय, महŒव तथा संरक्षण उपायमा केन्द्रित भई सिकाइ सहजीकरण गर्न लगाउने<br>(घ) विद्यार्थीले कुनै विषयवस्तुको सिकाइमा कठिनाइ महसुस गरेमा त्यसमा थप सामग्री, सान्दर्भिक अन्य विषयवस्तु र शिक्षण विधिमा विविधता ल्याई सहज सिकाइको वातावरण तयार पार्ने<br>(ङ) विद्यार्थीलाई आफ्नो वासस्थान वरपर रहेका ढुङ्गेधाराको अवलोकन भ्रमण गरी यो कहिले बनाइएको हो ? यसमा पहिले कत्रो पानी आउँथ्यो ? | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | (क) निर्धारित विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल (मौखिक तथा लिखित अभ्यास) गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>(ख) प्रदर्शित नक्सा वा चित्रको वर्णन गर्न लगाई विषयवस्तुको ज्ञान हासिल गरे नगरेको मापन गर्ने ।<br>(ग) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अहिले पानी बढ्यो कि घट्यो ? किन यस्तो भयो होला ? भन्ने जस्तै प्रश्नको उत्तर खोज्न लगाउने ।<br>(च) ढुङ्गेधाराका बारेमा सूचना प्रविधिका साधन उपयोग गरी विभिन्न विषयवस्तु अध्ययन गरी तिनको परिचय, महŒव र संरक्षण उपायहरू कक्षामा प्रस्तुत गर्न लगाउने<br>(ङ) परिचय, महŒव र संरक्षण उपायहरूलाई शङ्खरापुर नगरपालिकामा हुबहु लागु गर्न सकिने वा नसकिने अवस्थाका बारेमा छलफल गराई हुबहु लागु गर्न नसकिने अवस्था आएमा त्यसलाई अनुकूलन गर्ने तरिका बताइदिने र उपायको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने | | | |
| **संस्कार र संस्कृति** | ● साँखुको ऐतिहासिक परिचय दिन<br>● साँखुको नामाकरण, चाडपर्व, मेला, ढोका, मन्दिर, बिहार र राजकुलोको | ● साँखुको परिचय<br>● जीवित गणेश, कुमारी भैरव र जेठी कुमारी पूजा र अष्टमातृका पूजा परिचय | ● ऐतिहासिक साँखु सहरको परम्परागत ढोका, राजकुलो,बाटो, मन्दिर, इनार, पाटीपौवाको विस्तृत विवरणसहितको परिचय<br>● परम्परागत ढोका ( देवढोका, छोरीढोका, बुहारीढोका, मृतक लाश | ● साँखु शङ्करापुरको चित्र प्रस्तुत गर्ने<br>● परम्परागत ढोका (देवढोका, छोरीढोका, बुहारीढोका, मृतक लाश लैजाने ढोका) को बारेमा जानकारी दिने ।<br>● साँखु बजारको अवलबोकन भ्रमण गराउने । | ● साँखुसँग सम्बन्धित वृत्तचित्र/भिडियो, ब्रोसर, पुस्तक<br>● ढोका, इनार, पाटीपौवाको चित्र | ● परम्परागत ढोकामा कुन कुन ढोका पर्दछन् सोध्ने<br>● अष्टमातृकाको पूजा गर्ने तरिका भन्न लगाउने<br>● साँखु सहरको महत्वको बारेमा प्रश्नोत्तर गर्ने | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | परिचय र महत्व बताउन<br>● ज्योतिलिङ्गेश्व र क्षेत्रको परिचय दिन<br>● जीवित देवीदेवताहरुको बारेमा उठेका जिज्ञासालाई भन्न<br>● अष्टमातृका पूजा गर्नुपर्ने कारण बताउन<br>● अष्टमातृका शक्तिको सूची बनाउन | | लैजाने ढोका)को अलग अलग परिचय<br>● राजकुलो र उत्तरबाहिनी राजकुलोको विवरण<br>● ज्योतिलिङ्गेश्वरको परिचय, जात्रा विवरण र खट जात्राको विवरण<br>● जीवित देवीदेवताको विवरण | ● राजकुलोको बारेमा बताउने<br>● मन्दिर, इनार, ढुङ्गेधारा, पाटीपौवाको चित्र देखाउने र त्यससम्बन्धी जोडिएको विषयवस्तुलाई स्पष्ट पार्ने ।<br>● जात्राको चित्र, खट बोकेको चित्र, र पूजा सामग्री प्रस्तुत गरी जानकारी प्रदान गर्ने<br>● जीवित देवीदेवताको अभिनय गर्न लगाई पूजा गर्न र बाजा बजाउन लगाउने ।<br>● जीवित देवी कुमारीको बारेमा पाइने किम्बदन्तीको बारेमा कथानक चित्र बनाएर प्रस्तुत गर्ने ।<br>● अष्टमातृकाको चित्र देखाई पूजा गर्ने विधि बताउने ।<br>● साँखु बजार र यहाँहा चार ढोका राज कुलो तथा देवीदेवताको बारेमा स्थानीय अभिभावक तथा विज्ञहरुसँग अन्तरक्रिया गराउने । | ● ज्योतिलिङ्गेश्वरको फोटो, जात्राको खट, बाजा, पूजा सामग्री<br>● जीवित कुमारीदेवीको ब्रोसर, पुस्तक, पूजाको फोटो, कुमारी, गणेश, भैरव, जेठी कुमारीको मुकुट, पूजा सामग्री, सुकुन्दा, पूजाथाली, बाजाका सामग्रीहरु<br>● अष्टमातृकादेवीको लुगा, गहना, पूजा सामग्री | ● जीवित देवी कुमारीको बारेको किम्बदन्ती सोध्ने । | |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | ● बुद्धधर्मसँग सम्बन्धित स्थानीय स्थलहरुको स्थानीय स्थलको सूची बनाउन<br>● जहरसिंहपौवा चिसापानी पद | ● बौद्ध सर्किट र नगरकोट जहरसिंहपौवा चिसापानी पद मार्ग<br>● स्वस्थानीको मन्दिरको परिचय र महत्व | ● बौद्ध सर्किट क्षेत्र<br>● मणिचुड, बज्रयोगिनी, जहरसिंहपौवा, लिस्वःमतः बिइगु स्थलको परिचय<br>● भृकुटी पदमार्गअन्तर्गत पर्ने साँखु, बज्रयोगिनी, मणिचुड, चिसापानी, | ● बुद्धको जन्म स्थल लुम्बिनीबाट नेपालमण्डल भ्रमण गर्दै बज्रयोगिनीको पद्ममाल्य विहारमा बसी त्यस क्षेत्रबारे वर्णन गरिएको कुरा बताउने<br>● बौद्ध सर्किट क्षेत्रको बारेमा स्थानीय जानकार व्यक्तिसँग | ● श्रव्यदृश्य सामग्री<br>● ब्रोसर<br>● नक्सा<br>● फोटो | ● बौद्ध सर्किट क्षेत्रमा पर्ने मुख्य ठाउँहरुको सूची बनाउन लगाउने<br>● भृकुटी पदमार्गको बारेमा भन्न लगाउने | १६ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मार्गको बारेमा बताउन<br>● स्वस्थानीको मन्दिरको परिचय दिन<br>● स्वस्थानीको मन्दिरको महत्व बताउन | | हेलम्बुलगायतको ठाउँको जानकारी<br>● स्वस्थानीको मन्दिरको परिचय र महत्त | छलफल र अन्तरक्रिया गर्न लगाउने<br>● भृकुटी पदमार्गअन्तर्गत पर्ने साँखु, बज्रयोगिनी, मणिचुड, चिसापानी, हेलम्बुलगायतको ठाउँको बारेमा भन्ने ।<br>● भृकुटी पदमार्गअन्तर्गत पर्ने साँखु, बज्रयोगिनी, मणिचुड, चिसापानी, हेलम्बुलगायतको ठाउँको बारेमा स्थानीय जानकार व्यक्तिसँग छलफल र अन्तक्रिया गर्न लगाउने<br>● स्वस्थानीको मन्दिरको भ्रमण गराई मन्दिरको महत्त्व बारेमा छलफल र प्रश्नोत्तर गर्ने गराउने । | | ● स्वस्थानी मन्दिरको महत्व लेख्न लगाउने | |
| **पेशा उद्यमशिलता र प्रविधि** | ● निगालो, बेत र बाँसका सामग्री, बनाउने तरिकाबारे बताउन<br>● पानी घट्टको परिचय दिन | ● निगालो, बेत र बाँसका सामग्रीको परिचय र प्रयोग<br>● पानी घट्ट | ● निगालो, बेत र बाँस ( डोको, डालो, थुन्से, नाङ्लो, चाल्नी, पेरुङ्गो) का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री घुम बनाउने तरिका र प्रयोगबारे जानकारी<br>● पानी घट्टको परिचय | ● स्थानीय क्षेत्रमा निगालो, बेत र बाँस, डोको, डालो, थुन्से, नाङ्लो, चाल्नी, पेरुङ्गो) का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री घुम बनाएको ठाउँमा लगेर अवलोकन गर्न लगाउने र सम्बन्धीत व्यक्तिसँग उक्त सामग्रीहरु बनाउने तरिकाबारे छलफल गर्न लगाउने । | ● स्थानीय क्षेत्रमा उपलब्ध निगालो, बाँस, बेत, पराल, छ्वाली लगायत<br>● स्थानीय प्रविधिमा आधारित सामग्रीहरु बनाउने | ● स्थानीय क्षेत्रमा निगालो, बेत र बाँस, डोको, डालो, थुन्सेको प्रयोगबारे बुँदागत रुपमा लेख्नुहोस् ।<br>● स्थानीय प्रविधिमा आधारित कुनै दुईवटा सामग्रीहरुको नमूना बनाइ कक्षामा प्रदर्शन गर्नुहोस् । | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● माथी उल्लेखित सामग्रीहरुमध्ये कुनै पाँचवटाको नमुना तयार पार्न लगाई त्यसको प्रयोगबारे छलफल गराउने ।<br>● पानी घट्टको परिचयबारे बताई विद्यालय नजिकै रहेको पानीघट्टको अवलोकन भ्रमण गराउने ।<br>● पानीघट्टको उपयोगिताबारे स्थानीय विज्ञसँग छलफल गरी विद्यार्थीहरुलाई यस सम्बन्धी एउटा लेख तयार गर्न लगाउने। | सम्बन्धी बृत्तचित्र, पोस्टर | ● पानीघट्टको परिचय र उपयोग लेख्नुहोस् ।<br>● विद्यार्थीहरुको प्रस्तुतिको अवलोकन मुल्याङकन गर्ने । | |
| **स्वास्थ्य र सरसफाइ** | ● प्राकृतिक खाना र कृतिम खानाको फरक बताउन<br>● विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाको | ● प्राकृतिक र कृतिम गुण भएको खाना<br>● विद्यालयमा खाजाको व्यवस्थापन,<br>● योगको अवधारणा | ● प्राकृतिक गुण भएको खानाको महत्व<br>● कृत्रिम खानाले पुऱ्याउने क्षतीको जानकारी<br>● प्राकृतिक खाना र कृत्रिम खानाको परिचय र फरक | ● प्राकृतिक खाना र कृत्रिम खानाको फरक देखाइएको चार्ट देखाइ छलफल गराउने<br>● विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाको सूची बनाउन लगाउने | ● प्राकृतिक खाना र कृत्रिम खानाको फरक देखाइएको चार्ट<br>● विद्यालयमा ल्याइने/ख | ● प्राकृतिक खाजा ल्याए नल्याएको यकिन गर्ने<br>● घरमा प्रयोग हुने प्राकृतिक खाना र कृत्रिम खानाको सूचि बनाउन लगाउने | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सूची बनाउन<br>• विद्यालयमा स्वस्थ खाजा प्रयोग गर्न<br>• योगको अवधारणा र महत्व बताउन | | • विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाका प्रकार र प्रयोग<br>• योगको अर्थ र परिचय<br>• योगको महत्व र उपयोगिता<br>• योग अभ्यास पूर्व, मध्य र उत्तर सावधानी | • स्वस्थ खाजाकोबारेमा अनुच्छेद लेख्न लगाउने<br>• श्रब्दृष्य, चित्र पोष्टर जस्ता सामग्रीको प्रयोग गरी योग, प्राणायाम र ध्यानको सामान्य परिचय दिने<br>• योगको अर्थ , महत्व र उपयोगिताबारे पावरपोइन्टको प्रयोग गरी छलफल गर्ने ।<br>• योग अभ्यास पूर्व, मध्य र उत्तर अपनाउनु पर्ने सावधानीहरुको बारेमा भिडियो सामग्री प्रदर्शन गर्ने र उक्त भिडियोबाट सिकेका महत्वपूर्ण बुँदाहरु टिपोट गर्न लगाइ विद्यार्थीहरु बिच अन्तरक्रिया गराउने । | इने स्वस्थकर खाजाको सूचीको चार्ट<br>• योग परिचय र पयोगीतार सावधानी सम्बन्धी पावरपोइन्ट स्लाइड, चार्ट र भिडियो | • योग गर्दा अपनाउनु पर्ने सावधानीहरु लेख । | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | • प्राकृतिक र मानवजन्य प्रकोप/विपद्का प्रकारका बारेमा बताउन | • प्राकृतिक र मानवजन्य प्रकोप/विपद्का प्रकार | • प्राकृतिक प्रकोप/विपद् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ्ग<br>• मानवजन्य प्रकोप/विपद् अन्तर्गत आगलागि, दुर्घटना, विषाक्त पदार्थ, महामारी आदि | • आफुले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको बारेमा बताइदिने, चित्र प्रश्तुत गर्ने र प्रत्येक चित्रको बारेमा प्राकृतिक वा मानव निर्मित | • स्थानीय स्तरमा भएका प्रकोप/विपद् का चित्र, वृतचित्र | • आफुले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को अनुभव लेख्न लगाउने<br>• मानव निर्मित प्रकोप/विपद्को | ६ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | विचको भिन्नताको बारेमा छलफल गराउने<br>● बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रश्तुत गरी छलफल गराउने<br>● शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने | | अनुभव लेख्न लगाउने<br>● बाढी, पहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र/कविता, गित आदिको माध्यमबाट प्रस्तुत गर्न लगाउने<br>● आफ्नो क्षेत्रका सम्भावित प्रकोप क्षेत्रको चार्ट पेपरमा नक्साङ्कन तयार पार्न लगाउने | |
| | ● प्रदूषणको परिचय, प्रकार, कारण प्रदूषण न्यूनिकरणका उपाय बताउन | ● प्रदूषणको परिचय, प्रकार, स्रोत, न्यूनिकरणका उपाय | ● जल प्रदूषण जस्तै नदी, पोखरी आदिको परिचय<br>● जल प्रदूषणका स्रोत जस्तै ढल, नल, उद्योगधन्दा, लुगाधुने, मानिस, गाइवस्तु नुहाउने, सांकृतिक परम्परा<br>● जमिन प्रदूषण जस्तै विद्यालय, वाटो, खुल्ला चौर, पार्क, वजार क्षेत्र परिचय, जमिन प्रदूषणका स्रोतहरु जथाभावि फोहोर विसर्जन | ● प्रदूषण भएको र नभएको चित्र पोस्टर, श्रव्यदृष्य सामग्रीको माध्यमबाट छलफल गराउने<br>● विद्यालय वरिपरिका प्रदूषित क्षेत्रको अध्ययन अवलोकन भ्रमण | प्रदूषण भएको र नभएको चित्र, पोस्टर, श्रव्यदृष्य सामग्री | ● प्रदूषणको अर्थ भन्न लगाउने<br>● प्रदूषणका कारणहरु सोध्ने<br>● विद्यार्थीले आफूले तहवाट प्रदूषण न्यूनिकरणका लागि गर्न सक्ने उपायहरु बताउन लगाउने<br>● स्वच्छ वातावरणको चित्र बनाउन लगाउने | १० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • वायु प्रदूषणको परिचय, वायु प्रदूषणका स्रोतहरु जस्तै, उद्योगधन्दा, यातायातका साधन, जलाउने कार्य<br>• ध्वनी प्रदूषणको परिचय, ध्वनी प्रदूषणका स्रोत जस्तै : कलकारखाना, यातायातका साधन, माइकिङ, महोत्सव आदि बाट आउने आवाज<br>• वातावरण प्रदूषण रोक्ने उपायको जानकारी | | | | |
| **स्थानीय व्यक्ति, संस्थाको परिचय** | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका सामाजिक संस्थाहरुको परिचय दिन<br>• सामाजिक संघसंस्थाहरु ले गर्ने | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका सामाजिक संस्थाहरु<br>• सामाजिक संघसंस्थाहरु | • शंखरापुर नगरपालिका क्षेत्रभित्रका सामाजिक संस्थाहरुको परिचय<br>• सामाजिक संघसंस्थाहरुको काम | • स्थानीय क्षेत्रमा भएका सामाजिक संस्थाहरुको नाम र कामको सूची बनाई प्रस्तुत गर्ने र विद्यार्थीहरुलाई आफ्नो घर नजिक भएका संस्थाहरुको सूची बनाउन लगाउने<br>• विद्यालय नजिकको कुनै एक सामाजिक संस्थाको अवलोकन भ्रमण गराई उक्त संस्थाले गरेका कार्यहरुबारे | • स्थानीय सामाजिक संस्थाहरुको परिचय भएको पुस्तक, ब्रोसर, फोटो, डकुमेन्ट्री<br>• कुनै क्षेत्रमा स्थापित पहिलो स्थानीय सामाजिक | • नजिकको कुनै सामाजिक संस्थाको भ्रमण गरी स्थानीय क्षेत्रमा भएका सामाजिक संस्थाहरुको नामको सूची र तिनीहरुले गर्ने काम लेख्नुहोस् ।<br>• अध्ययन भ्रमणका आधारमा | ८ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यहरु बताउन | | | विद्यार्थीहरुमाझ छलफल गर्ने<br>● कुनै क्षेत्रमा स्थापित स्थानीय सामाजिक संघसंस्थाको परिचय र उक्त संस्थाले गरेका कामहरुको सूची बनाई प्रस्तुत गर्ने र स्थानीय जानकार व्यक्तिसँग विद्यार्थीहरुलाई अन्तरक्रिया गराउने | संघसंस्थाको परिचय र उक्त संस्थाले गरेका कामहरुको जानकारीमूलक सामग्रीहरु -पूस्तक, ब्रोसर, जिवनी डकुमेन्ट्री लगायत) | परियोजना कार्य गर्न लगाउने । | |

**कक्षा ६**

| **क्षेत्र** | **सिकाइ उपलब्धी** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भाव्य क्रियाकलाप** | **शिक्षण सामग्री** | **मूल्याङ्कन प्रक्रिया** | **पा. भा.** |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | (क) स्थानीय प्राकतिक स्रोत पहिचान गरी तिनको सदुपयोग तथा संरक्षण गर्न<br>(ख) स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि नगरका नीति तथा कार्यक्रमहरूका बारेमा जानकारी हासिल गरी त्यसको कार्यान्वयनमा सहयोग गर्न<br>(ग) स्रोत परिचालनले पर्ने सकारात्मक तथा नकारात्मक प्रभाव विश्लेषण गर्न<br>(घ) स्थानीय पर्यटकीय स्थलहरू पहिचान गरी तिनको प्रचारप्रसार गर्न | (क) स्थानीय स्रोत परिचालन र पर्यावरणीय प्रभाव<br>(ख) धार्मिक तथा पर्यटकीय स्थलहरू | (क) स्थानीय स्रोत ( नारायणेश्वर दह, मणिचुड दह, कुवापानी, बाघधारा, इन्द्रायणीको पोखरी, सामुदायिक वन)<br>(ख) स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि नगरका नीति तथा कार्यक्रमहरू<br>(ग) स्रोत परिचालनले पर्ने प्रभाव ( बालुवा खानी, कोइला खानी)<br>(घ) स्थानीय पर्यटकीय स्थलहरू | (क) स्थानीय रुपमा उपलब्ध प्रमुख प्राकृति स्रोत तथा साधन समावेश गरिएको तालिका निर्माण गरी कक्षामा प्रस्तुत गर्ने र त्यसआका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने ।<br>(ख) प्रदर्शित तालिकाका आधारमा स्थानीय तहमा छुट भएका स्रोत साधनको पहिचान गर्न लगाई थप गर्न लगाउने । कक्षा शिक्षणको अन्तमा अभिभावक तथा अन्य जानकार व्यक्तिसँग सहकार्य गरी वा विद्यार्थीको समूहले आफैँ खोज अनुसन्धान गरी स्थानीय प्राकतिक स्रोत साधनका बारेमा परियोजना कार्य गर्न लगाउने र परियोजना कार्य गर्दा प्राकृतिक स्रोत तथा साधनको सदुपयोग तथा संरक्षण गर्ने विधि वा परम्परागत अभ्यास समेट्न उत्प्रेरित गर्ने<br>(ग) नजिकको स्थानीय निकाय -वण कार्यालय, सम्बन्धित सरकारी कार्यालय, नगरपालिका) अवलोकन तथा अध्ययन भ्रमण गरी स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि नगरका नीति तथा कार्यक्रमहरूका बारेमा छलफल गर्ने । छलफलका क्रममा स्थानीय निकाय, स्थानीय जनसमुदाय र | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीको भूमिका जिम्मेवारी र कर्तव्य पहिचान गर्ने तथा सोअनुसार दैनिक व्यवहार वा कार्य सम्पादन गर्ने उत्प्रेरित गर्ने<br>(ग) विद्यार्थीलाई दुई समूहमा बाँडेर एक समूहले स्थानीय प्राकृतिक स्रोत परिचालनले पर्ने सकारात्मक प्रभावको सूची तथा अर्को समूहले नकारात्मक प्रभाव सूची निर्माण गरी कक्षा प्रस्तुत गर्न लगाउने । उपलब्ध सूचीका आधारमा आआफ्नो पक्षमा तर्क गर्न लगाउने र प्रयोगको पक्ष विश्लेषण गर्न लगाउने ।<br>(घ) स्थानीय पर्यटकीय स्थलहरू सूची निर्माण गरी कक्षाका प्रस्तुत गर्न लगाउने । सूचीका आधारमा उक्त स्थानका चित्र, तस्बिर र मुख्य मुख्य पक्ष सङ्कलन तथा प्रस्तुति गर्न लगाउने<br>(ङ) उपलब्ध सामग्रीका प्रयोग गरी पोस्टर, सूचना, पम्प्लेट लगायतका प्रचारप्रसार सामग्री निर्माण, प्रदर्शन र वितरण गर्न लगाउने<br>(च) स्थानीय पर्यटकीय स्थलको सरसफाइ, व्यवस्थापन गरी अन्य विद्यालयलाई भ्रमणका लागि आमन्त्रण गर्ने र भ्रमणको संयोजन गर्न लगाउने । भ्रमणबाट प्राप्त सिकाइ, चुनौती र भावी उपायका बारेमा छलफल गर्न लगाउने | | त्यासको मूल्याङ्कन गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्राकृतिक स्रोत र संपदा** | (क) शङ्खरापुरको ऐतिहासिक पाटीपौवाको परिचय र महŒव बताउन<br>(ख) शङ्खरापुरको ऐतिहासिक पाटीपौवाको संरक्षण उपाय पहिचान गरी संरक्षणमा सहयोग गर्न<br>(ग) मणिचूड र मणिलिङ्गेश्वरको इतिहास छोटकरीमा वर्णन गर्न<br>(घ) मणिचूड र मणिलिङ्गेश्वरको ऐतिहासिक महŒव बोध गरी संरक्षणका लागि प्रचारप्रसार एवम् जनपरिचालनमा सहभागी हुन | (क) शङ्खरापुरको ऐतिहासिक पाटीपौवा<br>(ख) मणिचूड र मणिलिङ्गेश्वर | (क) शङ्खरापुरको ऐतिहासिक पाटीपौवा<br>(अ) परिचय<br>(आ) महŒव<br>(इ) संरक्षण<br>(ख) मणिचूड र मणिलिङ्गेश्वर<br>(अ) इतिहास<br>(आ) महŒव<br>(इ) संरक्षण | (क) स्थानीय पाटीपौवाका तस्बिर वा चित्र, लेखरचना तथा अन्य मुद्रित एवम् श्रव्यदृश्य सामग्री कक्षामा प्रस्तुत गर्ने र त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने ।<br>(ख) प्रदर्शित सामग्रीका आधारमा शङ्खरापुरका ऐतिहासिक पाटीपौवाको परिचय र महŒव पहिचान गर्न लगाउने । यस क्रममा अभिभावक तथा अन्य जानकार व्यक्तिसँग सोधखोज गरी स्थानीय पाटीपौवाका बारेमा परियोजना कार्य गर्न लगाउने  र परियोजना कार्य गर्दा पाटीपौवाको सदुपयोग तथा संरक्षण गर्ने विधि वा परम्परागत अभ्यास समेट्न उत्प्रेरित गर्ने<br>(ग) नजिकको स्थानीय निकाय वा कार्यालय, सम्बन्धित सरकारी कार्यालय, नगरपालिकाका अवलोकन तथा अध्ययन भ्रमण गरी स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि नगरका नीति तथा कार्यक्रमहरूका बारेमा छलफल गर्ने । छलफलको निष्कर्ष कक्षामा सुनाउने<br>(ग) विद्यार्थीलाई दुई समूहका बाँडी स्थानीय जानकार व्यक्तिसँगको अन्तरक्रिया, इमेल तथा इन्टरनेटको उपयोग, सन्दर्भ सामग्रीको अध्ययन गरी एक समूहले मणिचूडको इतिहास तथा अर्को समूहले | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यसको | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | मणिलिङ्गेश्वरको इतिहास खोजी गरी कक्षा प्रस्तुत गर्न लगाउने । प्रस्तुतिपछि छलफल र प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने ।<br>(घ) मणिचूड र मणिलिङ्गेश्वरका मुख्य मुख्य पक्षहरूको सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने । सूचीका आधारमा उक्त स्थानका चित्र, तस्बिर र मुख्य मुख्य पक्ष सङ्कलन तथा प्रस्तुति गर्न लगाउने<br>(ङ) उपलब्ध सामग्रीका प्रयोग गरी पोस्टर, सूचना, पम्प्लेट लगायतका प्रचारप्रसार सामग्री निर्माण, प्रदर्शन र वितरण गर्न लगाउने । | | मूल्याङ्कन गर्न लगाएर | |
| **संस्कार र संस्कृति** | ● तामाङहरुको भेषभूषा, परम्परा,चाडपर्व, धर्म, लामा, गुरुहरु, चाडपर्व र मेला, ल्होछार पर्वको बारेमा बताउन<br>● तामाङ जातिको रीतिरिवाज र संस्कृति, बोन धर्म, बैशाख पूर्णिमा पर्व, चैत्य र विहार, गुम्बाको परिचय, ढ्याङ्ग्रो, घण्टी, डम्फु, डमरु, बज्रको परिचय दिन | ● तामाङहरुको भेषभूषा र चाडपर्वको पचिय<br>● तामाङ जातिको रीतिरिवाज र धर्म संस्कृतिको परिचय,<br>● तामाङहरुले बजाउने बाजाहरुको तथा नृत्यको परिचय | ● ताकी, क्रेगी, स्हयामा, आङ्रे, खसो, घलेक, काँजी मुङ्गा, के, पाङ्देन, खगु, ग्योई, ढुङ्ग्री, चेप्टेमर, कछाड आदि जस्ता पोसाकको चिनारी<br>● तामाङहरुको धर्म, संस्कृतिसँग सम्बन्धित बौद्ध धर्म, ब्रेलसाङ, बोन संस्कार, ल्होछार, गोनेङ्ह्यामा, माघे सङ्क्रान्ती, बुद्धजयन्ती तेमाल जात्रा, म्हेनिङल | ● तामाङ भेषभूषा झल्किने चित्रहरु देखाउने र छलफल गर्ने ।<br>● विद्यार्थीले आफूले लगाउने लुगाको बारेमा प्रश्न गर्ने र छलफल गर्ने<br>● तामाङ भाषी विद्यार्थीलाई आफूले लगाउने परम्परागत पोसाक लगाएर आउन लगाउने र ती पोसाकका बारेमा कक्षामा छलफल गर्ने<br>● तामाङ जातिसँग सम्बन्धित पोसाक प्रदर्शन गरी स्पष्ट पार्ने<br>● तामाङहरुको धर्म, संस्कृतिसँग सम्बन्धित गुम्बा, घ्याङ आदिको स्थलगत अवलोकन गराउने र छलफल गर्ने<br>● तामाङहरुको धर्म, संस्कृतिसँग सम्बन्धित बौद्ध धर्म, ब्रेलसाङ, बोन | ● ताकी, क्रेगी, स्हयामा, आङ्रे, खसो, घलेक, काँजी मुङ्गा, के, पाङ्देन, खगु, ग्योई, ढुङ्ग्री, चेप्टेमर, कछाड आदि जस्ता पोसाक झल्कने चित्र<br>● ताकी, क्रेगी, स्हयामा, आङ्रे, खसो, घलेक, काँजी मुङ्गा, के, पाङ्देन, खगु, ग्योई, ढुङ्ग्री, फुली,बुलाकी, चेप्टेमर, कछाड आदि जस्ता पोसाक तथा गरगहनाको नमूना<br>● डम्फु, टुङ्ना, ङ्हा, स्याङ, लब,घ्यालिङ, | ● तामााङले लगाउने भेषभूषाको सूची बनाउन लगाउने<br>● तामाङहरुले बजाउने बाजाको नाम भन्न लगाउने<br>● तामाङको कुनै एउटा धार्मिक स्थलको बारेमा अनुच्छेद लेख्न लगाउने | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● तामाङ जातीले नाच्ने नृत्यको बारेमा जानकारी प्रदर्शन गर्न । | | स्वइनम, म्हानेजात्रा परिचय<br>● तामाङको गुरुहरु लामा, बोम्बो, तम्बा, गन्वाको चिनारी<br>● तामाङहरुको धार्मिक स्थल गुम्बा, घ्याङ, माने, छ्योरतेनको जानकारी<br>● डम्फु, टुङ्ना, ङ्हा, स्याङ, लब,घ्यालिङ, बुब्ज्याल, तुङ, कङ्लिङ, डिल्ब, दोर्जे, पोटोपोन्डोङ जस्ता बाजाहरुको चिनारी | संस्कार, ल्होछार, गोनेङह्या, माघेसङ्क्रान्ती, बुद्धजयन्ती तेमाल जात्रा, म्हेनिङल स्वइनम, म्हानेजात्रा आदि झल्कने चित्र, भिडियो प्रदर्शन र छलफल गराउने<br>● तामाङहरुको धर्म, संस्कृतिसँग सम्बन्धित ब्रेलसाङ, बोन संस्कार, ल्होछार, गोनेङ्ह्या, माघेसङ्क्रान्ती, बुद्धजयन्ती तेमाल जात्रा, म्हेनिङल स्वइनम, म्हानेजात्राको बारेमा स्थानीय विज्ञसँग छफफल तथा अन्तरक्रिया गराउने ।<br>● डम्फु, टुङ्ना, ङ्हा, स्याङ, लब,घ्यालिङ, बुब्ज्याल, तुङ, कङ्लिङ, डिल्ब, दोर्जे, पोटोपोन्डोङ आदि जस्ता बाजाहरुको चित्र अवलोकन गराउने तथा उक्त बाजाहरु बजाउन अभ्यास गराउने<br>● विद्यार्थीले यस्ता बाजाहरु देखेका छन्, छैनन् प्रश्न सोध्ने ।<br>● कुन चाडपर्व र कुन क्रियाकलापमा ती बाजाहरु प्रयोग गरिन्छ प्रश्नोत्तर र छलफल गर्दै विषयवस्तु स्पष्ट पार्ने । | बुब्ज्याल, तुङ, कङ्लिङ, डिल्ब, दोर्जे, पोटोपोन्डोङ आदि जस्ता बाजाहरुको चित्र र वास्तविक बाजाहरु<br>● ब्रेलसाङ, बोन संस्कार, ल्होछार, गोनेङ्ह्या माघेसङ्क्रान्ती, बुद्धजयन्ती तेमाल जात्रा, म्हेनिङल स्वइनम, म्हानेजात्रा आदि झल्कने चित्र, भिडियो | | |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | ● स्थानीय महत्वपूर्ण गुफा, पुल, सत्तल तथा पाटीपौवा, कुवा, इनाइ, ढुङ्गेधाराहरुको सूची बनाउन | ● स्थानीय महत्वपूर्ण गुफा, पुल, सत्तल तथा पाटीपौवा, कुवा, इनार, ढुङ्गेधाराहरु | ● बज्रयोगिनीको ऐतिहासिक नौ ओटा ढुङ्गे गुफाबारे जानकारी<br>● स्थानीय झोलुङ्गे पुलको महत्व | ● बज्रयोगिनीको ऐतिहासिक नौ ओटा ढुङ्गे गुफा, स्थानीय झोलुङ्गे पुल, ऐतिहासिक पाटीपौवा, कुवा, इनार, ढुङ्गेधारासँग सम्बन्धित ब्रोसर, श्रव्यदृश्य सामग्रीको प्रयोग छलफल गर्ने | ● बज्रयोगिनीको ऐतिहासिक नौ ओटा ढुङ्गे गुफा, स्थानीय झोलुङ्गे पुल, ऐतिहासिक पाटीपौवा, कुवा, इनाइ, ढुङ्गेधारासँग | ● बज्रयोगिनीको ऐतिहासिक नौ ओटा ढुङ्गे गुफाको सूची बनाउन लगाउने | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● स्थानीय महत्वपूर्ण गुफा, पुल, सत्तल तथा पाटीपौवा, कुवा, इनार, ढुङ्गेधाराहरुको महत्व बताउन | | ● ऐतिहासिक पाटीपौवा, कुवा, इनार, ढुङ्गेधाराहरु | ● बज्रयोगिनीको ऐतिहासिक नौ ओटा ढुङ्गे गुफा, स्थानीय झोलुङ्गे पुल, ऐतिहासिक पाटीपौवा, कुवा, इनार, ढुङ्गेधाराको बारेमा स्थानीय जानकार व्यक्तिसँग छलफल गर्ने<br>● बज्रयोगिनीको ऐतिहासिक नौ ओटा ढुङ्गे गुफा, स्थानीय झोलुङ्गे पुल, ऐतिहासिक पाटीपौवा, कुवा, इनार, ढुङ्गेधाराको स्थलगत अवलोकन गराउने | सम्बन्धित ब्रोसर, श्रव्यदृश्य सामग्री | ● स्थानीय झोलुङ्गे पुलको उपयोगिता बताउन लगाउने | |
| **पेशा उद्यमशिलता र प्रविधि** | ● स्थानीय परम्परागत शीप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी दिन<br>● स्थानीय परम्परागत प्रविधिहरुवाट उत्पादीत वस्तुहरुको परिचय दिन<br>● धरपालुवा र जङ्गली जनावरको परिचय दिन । | ● स्थानीय परम्परागत शीप र प्रविधिमा आधारित उद्योग व्यवसाय | ● स्थानीय परम्परागत शीप र प्रविधिमा आधारित उद्योग व्यवसाय (बेत, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, थाङ्का लेखन, चित्र लेखन, तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ) सम्बन्धी जानकारी<br>● स्थानीय परम्परागत प्रविधिहरुवाट उत्पादीत | ● स्थानीय परम्परागत शीप र प्रविधिमा आधारित उद्योग व्यवसाय (बेत, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, थाङ्का लेखन, चित्र लेखन, तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ) संचालनमा रहेको ठाउँमा लगेर अवलोकन गराउने र सम्बन्धीत व्यक्तिसँग उक्त उद्योगले उत्पादन गर्ने सामग्रीहरुका उपयोगीता बारे छलफल गर्न लगाउने ।<br>● स्थानीय परम्परागत शीप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धित बृत्तचित्र प्रस्तुत गरी यसले हाम्रो समाजमा | ● स्थानीय परम्परागत शीप र प्रविधिमा आधारित उद्योग व्यवसाय सँग सम्बन्धीत बृत्त चित्र, पोस्टर, तालिम सामग्री<br>● घर पालुवा तथा वन्य जन्तु र चराहरुका चित्र, चार्ट, पोष्टर तथा तस्विरहरु | ● विद्यालय नजिकैको कुनै एक स्थानीय उद्योगको अवलोकन अध्ययन भ्रमण गरी उक्त उद्योगको परिचय, उत्पादित वस्तुको उपयोगिता समेटी प्रतिवेदन तयार पारी प्रस्तुत गर्नुहोस् ।<br>● विद्यार्थीहरुको प्रस्तुतिको | २४ घण्टा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● घरपालुवा र जङ्गली जनावर | वस्तुहरुको परिचय दिन जस्तैः थाङ्काबारे जानकारी, तितेपाती प्रशोधनबाट उत्पादित वस्तुबारे जानकारी)<br>● घरपालुवा (गाई, बाखा, भैसी, कुखुरा, हाँस, टर्की)को परिचय, महत्व र आवश्यकता<br>●वन्य जन्त् र चराहरुको परिचय र संरक्षण | पार्ने प्रभावका बारे छलफल गर्न लगाउने ।<br>● स्थानीय परम्परागत शीप र प्रविधिवाट उत्पादीत वस्तुहरुको सूचि सहित त्यसको उपयोगबारे प्रतिवेदन तयार गर्न लगाउने ।<br>● घरपालुवा जनावरको परिचय, महत्व र आवश्यकता बारे छलफल गर्ने ।<br>● घरपालुवा जनावर भएको फार्म हाउसहरुको अवलोनक भ्रमण गराउने र विज्ञ तथा पशुपालकसँग अन्तरक्रिया गराउने ।<br>● वन्य जन्तु र चराहरुको परिचय र संरक्षणको बारेमा छलफल गराउने । विद्यार्थीहरुलाई चिडियाखानको अवलोकन भ्रमण गराइ प्रतिवेदन लेख्न लगाइ प्रस्तुत गराउने । | | अवलोकन मुल्याङकन गर्ने ।<br>●घरवालुका जनावरको महत्व लेख्नुहोस ।<br>●वन्य जन्तुहरुको संरक्षण प्रभावकारी रुपमा कसरी गर्न सकिन्छ लेख्नुहोस । | |
| **स्वास्थ्य र सरसफाइ** | ● शरीरमा पानीको सहि मात्राबारे बताउन र दैनिक रुपमा सहि मात्रामा पानी पिउन | ● पानी पिउने सही मात्रा र तरिका,<br>● भोजनमा रेशा, बोक्रा र | ● शरीरमा पानीको सहि मात्रा र तरिका<br>● रेसादार , बोक्रा भएको र चोकर भएको | ● शरीरलाई आवश्यक पर्ने पानीको मात्रा र पानी पिउने समय तालिका र तरिकाको बारेमा श्रब्दृश्य सामग्री समेतको प्रयोग गरी छलफल गर्ने । | ● पानी पिउने तालिका, श्रब्यदृश्य सामग्री<br>● रेशा, बोक्रा र चोकर हुने अन्न, | ● शरीरमा पानीको सहि मात्राबाट र तरिकाबाट शरीरमा पारेको असर सोध्ने | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | • रेशा, बोक्रा र चोकरको महत्व बताउन र प्रयोग गर्न<br>• प्राणयामको परिचय दिन, महत्व बताउन र अभ्यास गर्न | चोकरको महत्व,<br>• प्राणायामको परिचय, महत्व र अभ्यास | खाने कुराको परिचय र महत्व<br>• प्राणयामको परिचय र महत्व<br>• प्राणयामको प्रकार ( भस्त्रीका, भ्रामरी, सितली, सितकारी, उद्गीत, कपाल भाती, अनुलोम विलोन) र अभ्यास | • शरीरमा पानी न्यून वा अधिक हुँदा के कस्तो असर पर्छ उदाहरण सहति छलफल गर्ने ।<br>• रेशा, बोक्रा र चोकर हुने अन्न, फलफूल र तरकारी के के हुन सूचि बनाउन लगाउने<br>• रेशा, बोक्रा र चोकर भएको र नभएको खाने कुराको महत्वको बारेमा छलफल गराउने।<br>• प्राणयामको परिचय दिने र महत्व बताउने<br>• स्थानीय विज्ञको सहायताले प्राणयामका प्रकारको बारेमा प्रश्नोत्तर, अन्तरक्रिया र अभ्यास गराउने ।<br>• सात प्रकारका प्राणायामको भिडियो प्रदर्शन गरी अभ्यास गराउने । | फलफूल र तरकारी<br>• रेशा, बोक्रा र चोकर हुने अन्न, फलफूल र तरकारीको वास्तविक वस्तु<br>• प्राणायामको चार्ट, पोष्टर, भिडियो, पावरपोइन्ट स्लाइड | • रेसादार खाना, बोक्रा भएको खाने कुरा र चोकरको के महन्व छ लेख ।<br>• प्राणयामको अर्थ र महत्व लेख ।<br>• प्राणायामको अभ्यास गर्न लगाइ अवलोकन गर्ने । | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | • विपद् जाखिम न्यूनिकरणको परिचय दिन | • विपद् जोखिम न्यूनिकरण | • विपद् जोखिम न्यूनिकरणको परिचय<br>• स्थानीय स्तरमा रहेका विपद् जोखिमको पहिचान<br>• आवश्यकता र महत्व | • विपद् जोखिमको परिचय, आवश्यकता र महत्वको बारेमा प्रश्तुती, छलफल, चित्र, पोस्टर र श्रव्यदृष्यका सामग्री मार्फत् स्पस्ट पारिदिने<br>• स्थानीय स्तरमा रहेका सम्भावित जोखिमको सूचि प्रश्तुत गरी किन जोखिम भनिएको हो स्पष्ट पारिदिने | • चित्र, पोस्टर, चार्ट पेपर र श्रव्यदृष्यका सामग्री | • विपद् जोखिम न्यूनिकरण भन्नाले के वुझ्नुहुन्छ ?<br>• स्थानिय स्तरमा प्रकोपबाट हुन सक्ने सम्भावित विपद्लाई न्यूनिकरण गर्न | ८ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • सम्भावित विपद् जोखिम न्यूनिकरण गर्न अपनाउनु पर्ने प्रक्रियाको बारेमा छलफल गराउने | | कस्ता उपाय अवलम्वन गर्न सकिन्छ त्यस्को प्रतिवेदन तयार पार्न लगाउने<br>• विपद् जोखिमसँग सम्वन्धित शव्दावलीहरुको सूचि तयार पार्न लगाउने | |
| | • विद्यालयमा हरियाली प्रवर्द्धनका लागि सरिक हुन | • विद्यालय हरियाली प्रवर्द्धन | • विद्यालयमा वृक्षरोपण/करेसावारी निर्माण/कौसी खेतिको परिचय, आवश्यकता, महत्व<br>• विद्यालयमा हरियाली प्रवर्द्धनका लागि क्षेत्र छनौट तथा विधिहरु | • विद्यालयमा वृक्षरोपण/करेसावारी निर्माण/कौसी खेतिको परिचय, आवश्यकता, महत्वको वारेमा छलफल गराउने<br>• विद्यालयमा हरियाली प्रवर्द्धनका लागि क्षेत्र छनौट विद्यार्थीहरुको सहभागितामा गराउने<br>• विद्यालयको आवश्यकता, ठाउँको उपलव्धता तथा विद्यार्थीहरुको रुचीका आधारमा हरियाली प्रवर्द्धनका विधिहरुको छलफलबाट कार्ययोजना बनाउने | • चित्र, पोस्टर, श्रव्यदृष्य सामग्री, चार्ट पेपर | • विद्यार्थीलाई ३ वटा समुहमा विभाजन गरी पहिलो समुहलाई क्षेत्र छनौट, दोस्रो समुहलाई विद्यालयमा उपलव्ध क्षेत्र अनुसारको हरियाली प्रवर्द्धनका कार्य र तेस्रो समुहलाई हरियाली प्रवर्द्धन गर्न आवश्यक स्रोतको वारेमा अध्ययन प्रतिवेदन तयार पार्न लगाउने<br>• प्रत्येक विद्यार्थीलाई विद्यालयको वर्तमान अवस्था र हरियाली प्रवर्द्धन | ८ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गरिएपछीको अवस्थाको वारेमा चार्ट पेपरमा तुलनात्मक चित्राङ्कन तयार पार्न लगाउने | |
| **स्थानीय व्यक्ति, संस्थाको परिचय** | • स्थानीय सामाजिक संघसंस्थाको महत्व बताउन<br>• जेपी प्रतिष्ठानको परिचय दिन<br>• महाकवी गिरिजा प्रसाद जोशीको योगदानबारे बताउन | • सामाजिक संघसंस्थाको महत्व<br>• जेपी प्रतिष्ठान<br>• महाकवी गिरिजा प्रसाद जोसीको परिचय र योगदान | • स्थानीय सामाजिक संघसंस्थाको महत्व र योगदान<br>• जेपी प्रतिष्ठानको परिचय<br>• महाकवी गिरिजा प्रसाद जोसीको योगदान | • स्थानीय सामाजिक संघसंस्थाहरुले गरेका कामको सूची प्रस्तुत गर्ने र सामाजिक बिकासमा उक्त संस्थाहरुको महत्वबारे छलफल गरी बुँदागत रुपमा टिपोट गरेर प्रस्तुत गर्ने<br>• जेपी प्रतिष्ठानसँग सम्बन्धीत लेख, पोष्टर, चित्र, भिडीयोको प्रस्तुत गर्ने ।<br>• जेपी प्रतिष्ठानमा अवलोकन भ्रमण गराई त्यसले समाजमा गरेका योगदानबारे छलफल गर्ने ।<br>• महाकवी गिरिजा प्रसाद जोसीका बारेमा प्रकासित लेख, पोष्टर, चित्र, भिडीयोको प्रस्तुत गर्ने ।<br>• महाकवी गिरिजा प्रसाद जोसीबारे जानेको स्थानीय व्यक्तिसँग उनको येगदानबारे छलफल गर्ने । | • स्थानीय सामाजिक संस्थाहरुको परिचय भएको पुस्तक, ब्रोसर, फोटो आदि<br>• जेपी प्रतिष्ठानको बारेमा भएको पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि<br>• महाकवी गिरीजा प्रसाद जोसीका बारेमा भएको पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि | • विद्यालय नजिकैको कुनै एक संस्थाको परिचय सहित महत्वबारे प्रस्तुत गर्नुहोस्।<br>• जेपी प्रतिष्ठानको छोटो दिनुहोस् ।<br>• महाकवी गिरीजा प्रसाद जोसीको योगदानबारे चर्चा गर्नुहोस् ।<br>• परियोजना कार्य गर्न लगाउने । | ८ घण्टा |

**कक्षा ७**

| **क्षेत्र** | **सिकाइ उपलब्धी** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भाव्य क्रियाकलाप** | **शिक्षण सामग्री** | **मूल्याङ्कन प्रक्रिया** | **पा. भा.** |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | (क) नगरपालिकामा बसोबास गर्ने व्यक्तिको उमेरगत अवस्था पहिचान गरी तालिकामा प्रस्तुत गर्न<br>(ख) गाउँ/नगरको जनसङ्ख्याको उमेरगत अवस्थाका आधारमा काम तथा जिम्मेवारी बताउन<br>(ग) स्थानीय स्तरमा उपलब्ध सेवाहरूका बारेमा जानकारी सङ्कलन गरी ती सेवाले गर्ने सहयोगको क्षेत्र तथा उपयोगको तरिका बताउन<br>(घ) वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको | (क) उमेरगत जनसङ्ख्या को विश्लेषण<br>(ख) स्थानीय तहमा उपलब्ध सेवाहरू<br>(ग) स्थानीय जन प्रतिनिधि<br>(घ) सार्वजनिक स्थल संरक्षण | (क) नगर पालिकामा बसोबास गर्ने व्यक्तिको उमेरगत अवस्था<br>(ख) टोल/नगरको जनसङ्ख्याको उमेरगत अवस्था विश्लेषण<br>(ग) स्थानीय स्तरमा उपलब्ध सेवाहरू<br>(घ) वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको जिम्मेवारी<br>(ङ) सार्वजनिक स्थल संरक्षण (पाटी पौवा, कुवा, पोखरी, धारो, चौतारो) | (क) स्थानीय तहमा उपलब्ध जनगणना सम्बद्ध सामग्री सङ्कलन तथा अध्ययन गर्न लगाउने ।<br>(ख) जनगणना भएपछि जन्मेका बालबालिका र मृत्यु भएका व्यक्तिको लगतलाई अद्यावधिक गर्ने ।<br>(ग) उपलब्ध तथ्याङ्क लिँदाको उमेरलाई मौजुदा सालका आधारमा अद्यावधिक गरी तथ्याङ्क सुधार गर्ने ।<br>(घ) सुधार गरिएको तथ्याङ्कका आधारमा कुनै व्यक्तिको फेरिएको उमेर मिले नमिलेका भनी स्थलगत अध्ययन भ्रमण गर्न लगाउने । यदि कुनै व्यक्तिको मिलेमा वा नमिलेमा, नाम वा अन्य जुधेमा वा अन्य कुनै समस्या देखेमा त्यसका कारणका बारेमा छलफल गर्न लगाउने तथा आफू र आफ्ना परिवारका बारेको सूचना अद्यावधिक गर्न उत्प्रेरित गर्ने ।<br>(ङ) टोल/नगरको जनसङ्ख्याको उमेरगत अवस्था पहिचान गरी सान्दर्भिक काम, सेवा र जिम्मेवारी सूची बनाई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने<br>(च) स्थानीय जनप्रतिनिधिलाई उमेरगत जनसङ्ख्या उपयोग र आवश्यकताका आधार योजना निर्माणका लागि सुझाव प्रस्तुत गर्न लगाउने | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जिम्मेवारीका बारेमा जानकारी हासिल गरी सन्दर्भ रआवश्यकताका आधारमा सहयोग लिन र दिन<br>(ङ) सार्वजनिक स्थल संरक्षणमा जनप्रतिनिधिलाई सेवा तथा सहयोग गर्न र लिन | | | (ग) स्थानीय स्तरमा उपलब्ध सेवाहरूका बारेमा जानकारी सङ्कलन गरी ती सेवाले गर्ने सहयोगको क्षेत्र तथा उपयोगको तरिकासँग सम्बन्धित सामग्री प्रस्तुत गरी अध्ययन गर्न लगाउने । यस क्रममा विषयवस्तुको जानकारी र प्रयोगसँग सम्बधित भई सूचना प्रविधिलाई प्रयोग गर्ने ।<br>(घ) नजिकेको वडा कार्यालयको भ्रमण गरी वडाका निर्वाचित प्रतिनिधिहरू परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने ।<br>(ङ) स्थानीय जनप्रतिनिधिसँगको छलफल गरी तिनको जिम्मेवारी, काम, कर्तव्य र अधिकारका बारेमा सोध्ने तथा त्यसलाई उपयोग गर्ने रणनीतिको तयारी गर्न लगाउने<br>(ङ) सार्वजनिक स्थल संरक्षणमा जनप्रतिनिधिलाई सेवा तथा सहयोग लिई गरिने नमुना अभ्यास गर्ने गराउने | | लगाई त्यासको मूल्याङ्कन गर्न लगाएर | |
| **प्राकृतिक स्रोत र संपदा** | (क) शङ्खरापुर नगर पालिका भित्रका सामुदायिक वनको महŒव बुझी तिनको संरक्षण कार्यमा सक्रिय रहन<br>(ख) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति नाम | (क) शङ्खरापुर नगर पालिका भित्रका सामुदायिक वन<br>(ख) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति<br>(ग) स्थानीय जडीबुटी | (क) शङ्खरापुर नगर पालिका भित्रका सामुदायिक वन : परिचय, आवश्यकता र महŒव, संरक्षण<br>(ख) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति : नाम, स्वभाव र जीवनचक्र<br>(ग) स्थानीय जडीबुटी : नाम, उत्पादन, | (क) विद्यार्थीलाई शङ्खरापुर नगरपालिका भित्रका सामुदायिक वनको सङ्ख्या, अवस्था र महŒवका बारेमा अनुभव प्रस्तुत गर्न लगाउने<br>(ख) सामुदायिक वन हुँदा र नहुँदा हुने फाइदा र बेफाइदाका बारेमा स्थानी व्यक्तिको राय सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । कक्षाको छलफलबाट निष्कर्ष निकाल्न लगाई तिनको संरक्षण कार्यमा विद्यार्थी तथा तिनको परिवारको भूमिका टिपोट गर्न लगाउने । विद्यार्थी तथा तिनको | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा स्वभाव बताउन<br>(ग) स्थानीय वनस्पति र पशुपन्छीको सहनसहन तथा खानपानको अध्ययन गरी तिनीहरूको जीवनचक्र वर्णन गर्न<br>(घ) स्थानीय जडीबुटीको नाम र प्रयोगको क्षेत्र बताउन<br>(ङ) स्थानीय जडीबुटीको उत्पादन तथा संरक्षणका लागि प्रचारप्रसार एवम् गोडमेलमा सहयोग गर्न | | प्रयोगको क्षेत्र र संरक्षण | परिवारले सो भूमिकाअनुसार जिम्मेवारी पूरा गरे नगरेको अवलोकन गर्ने<br>(ग) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति नाम तथा स्वभाव समावेश भएको नमुना तालिका प्रदर्शन गर्ने । विद्यार्थीलाई यस्तै अन्य मौलिक तालिका निर्माण गरी प्रस्तुत गर्न लगाउने । तालिका निर्माणका क्रममा स्थानीय जानकार व्यक्तिको सहयोग लिन विद्यार्थीलाई उत्प्रेरित गर्ने<br>(घ) स्थानीय वनस्पति र पशुपन्छीको रहनसहन तथा खानपानको अध्ययन गरी तिनीहरूको जीवनचक्रलाई चित्रका माध्यमले प्रस्तुत गरी वर्णन गरिदिने<br>(ङ) स्थानीय जडीबुटीको नाम र प्रयोगको क्षेत्र पहिचानका लागि स्थानीय जानकार व्यक्ति तथा परिवारका सदस्य सहयोग लिन लगाउने । विद्यार्थीले हासिल गरेका सिकाइ कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्ने<br>(च) स्थानीय जडीबुटीको उत्पादन तथा संरक्षणसँग सम्बन्धित पोस्टर, सूचना, पम्प्लेट लगायतका प्रचारप्रसार सामग्री निर्माण, प्रदर्शन र वितरण गर्न लगाउने । यसका साथै स्थानीय रूपमा भएका वा खेती गरिएका स्थानमा गई तिनको उत्पादन र संरक्षण प्रत्यक्ष अनुभव गर्न लगाउने ।<br>(छ) सान्दर्भिक श्रव्यदृश्य सामग्री उपयोग गरी सिकाइलाई रोचक तथा प्रभावकारी बनाउने | | ४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **संस्कार र संस्कृति** | ● नेवा संस्कार र संस्कृतिको परिचय, वासस्थान परिचय दिन<br>● नेवा संस्कार, रहनसहन, भेषभूषाबारे बताउन<br>● धर्मगण्डीको परिचय दिन<br>● गठेमङ्गलको बारेमा बताउन<br>● जंकोको परचिय र महत्व बताउन।<br>● नेवा सांस्कृतिक बाजाको परिचय दिन | ● नेवाको संस्कृति र संस्कार रहनसहन, भेषभूषाको परिचय र प्रयोग गर्ने तरिका<br>● धर्मगण्डीको परिचय र बजाउने परम्परा<br>● गठेमङ्गलको परिचय<br>● जंकोको परिचय<br>● नेवा सांस्कृतिक बाजाको परिचय | ● नेवाकेटी, बेलविवाह ( इही), गुफा राख्ने जस्ता नेवा संस्कृतिको चिनारी (जस्तै लगाउने लुगा, लहरै घर जोडेर बनाउने, समूहमा बस्ने, पाटी, पौवा, धारा, जात्रा, पर्व मनाउने र त्यसको लागि गुठी, जग्गा, प्रदान गर्ने परम्परा भएको)<br>● धर्मगण्डी कहाँ, किन र कसरी बजाइन्छ, सोको चिनारी<br>● गठेमङ्गल पर्वको प्रस्तुतीकरण, फोटो र स्थानीय गठेमङ्गलमा बनाइने प्रतिमाको चित्र प्रस्तुति<br>● जंको गर्ने विधि, जंको खटको चिनारी, जंको गर्ने व्यक्तिले लगाउने लुगा, जंको गहनाको चिनारी<br>● नेवा सांस्कृतिक बाजाहरुको नामावली, बाजाहरुको बोलको प्रस्तुतीकरण : ठोक्ने बाजा, फुक्ने बाजा, रेट्ने बाजा | ● नेवाःको भेषभूषा लगाएर कक्षामा प्रस्तुत गर्ने<br>● एकअर्कालाई जोजोलापा जस्ता आदरसूचक, शिष्टाचारका शब्द बोल्न लगाउने<br>● आफूभन्दा ठुलालाई ढोगभेट गर्नुपर्ने र सानाले ढोगभेट गर्दा आर्शीवाद दिनुपर्ने कुरा बुझाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>● धर्मगण्डी बजाएर देखाउने र विद्यार्थीलाई पनि बजाउन लगाउने<br>● जंकोको नक्कल गरी विद्यार्थीलाई पनि प्रस्तुत गर्न लगाउने<br>● जंकोको नमुना खट प्रयोग गर्ने<br>● भिडियो वा पावरप्वाइन्टको प्रयोग गरी नेवा बाजाको प्रस्तुतीकरण गर्ने<br>● साँखु र इन्द्रायणीमा नेवा रहेको स्थानको भ्रमण गराउने | ● नेवा संस्कृति झल्कने चित्र, ब्रोसर<br>● भेषभूषाको पुतली, चताँमरी, बारा बनाएको अन्य नेवा सामग्रीहरु<br>● सुकुन्दा, बज्रघण्टी, बज्रमुकुट, लगाउने लुगा, भादगाउँले टोपी, हाकुपतासी लुगा, बेलविवाहमा लगाउने लुगा, जामा,ज्वलान्हाकँ, सिन्हमु,<br>● धर्मगण्डी र बिहारको चित्र, भिक्षुभिक्षुणीको चित्र, बौद्ध गुम्बाको फोटो<br>● जंको खट, लुगा, गहना, चित्र र जंको गरेको तस्विर, भिडियो<br>● खिँ, कोचाखिँ, धा,. धिमे, ,छुस्या, भुस्या, नायखिँ, काहा तिँछु, धिमे बाजाको चित्र | ● नेवा संस्कारसँग सम्बन्धित बाजाको सूची बनाउन लगाउने<br>● नेवा जातिले लगाउने पोसाकको नाम भन्न लगाउने | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **ऐतिहासिक र पर्यटकीय स्थल** | ● मणिचुडको ऐतिहासिक विवरण बनाउन<br>● भृकुटी पथको परिचय दिन<br>● जहरसिंहपौवाको गोल्डेन रोडको परिचय दिन | ● मणिचुडको परिचय महत्व,<br>● भृकुटी पथ ( गोल्डेन रोड) मार्गको परिचय र महत्व | ● मणिचुडको ऐतिहासिक विवरण<br>● भृकुटी पथको परिचय<br>● जहरसिंहपौवाको गोल्डेन रोडको परिचय र महत्व | ● मणिचुड राजाको जीवनीसँग सम्बन्धित पक्ष बताउने<br>● मणिशैल, महाबदानको एक भाग मणिचुड राजाको नक्कल गर्न लगाउने<br>● मणिचुड मेलामा त्यस क्षेत्रको चैत्य, शिवलिङ्ग पूजा गरेको अभिनय गराउने<br>● मणिचुडको ऐतिहासिक स्थल, भृकुटी पथ, जहरसिंहपौवाको गोल्डेन रोडसँग सम्बन्धित श्रव्यदृश्य सामग्री, ब्रोसरलगायतका सामग्रीको प्रयोग गरी छलफल गर्ने<br>● मणिचुडको ऐतिहासिक स्थल, भृकुटी पथ, जहरसिंहपौवाको गोल्डेन रोडको बारेमा स्थलगत भ्रमण गराउने | ● मणिशैल महावदान पुस्तक, मणिचुडको फोटो, ब्रोसर, स्थानीय झाँक्री मणिचुडमा परम्परागत रुपमा नाँचेको श्रव्यदृश्य सामग्री | ● मणिचुडको ब्रोसर, लेख, पुस्तक अध्ययन गरी त्यसको ऐतिहासिक तथा धार्मिक पक्ष समेटी प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने | १६ घण्टी |
| **पेशा उद्यमशिलता र प्रविधि** | ● स्थानीय क्षेत्रमा बैकल्पिक रुपमा गरिने खेतीपाती को परिचय दिन र महत्व बताउन<br>● होमस्टे र होटल ब्यावसायको परिचय र महत्व बताउन | ● स्थानीय क्षेत्रमा बैकल्पिक रुपमा गरिने खेतीपाती को परिचय र महत्व<br>● होमस्टे र होटल ब्यावसायक ो परिचय र महत्व | ● स्थानीय क्षेत्रमा बैकल्पिक रुपमा गरिने खेतीपाती तुलसी/अकबरे खुर्सानी/गोलभेंडा/ स्कुस/काँक्रो/ तरकारी खेती, पशुपालन)को परिचय र महत्व<br>● होमस्टे र होटल ब्यावसायको परिचय र महत्व | ● स्थानीय क्षेत्रमा बैकल्पिक रुपमा गरिने खेतीपाती बारेमा जानकारी दिने ।<br>● विद्यालय नजिकै परम्परागत रुपमा खेतीपाती हुँदै आएको स्थानमा अवलोकन भ्रमण गराई त्यहाँ कुनै एक कृषि उत्पादनको महत्व र त्यसले स्थानीय क्षेत्रमा पारेको प्रभावबारे स्थानीय कृषक/कृषि व्यवसायीसँग छलफल गरी बुँदागत रुपमा टिपोट गर्न लगाउने र निष्कर्ष दिने ।<br>● स्थानीय विज्ञ, कृषकसँग सोधी स्थानीय रुपमा हुने बालीनाली | ● स्थानीय क्षेत्रमा बैकल्पिक रुपमा गरिने खेतीपाती हुँदै आएका बालीहरुको चित्रसहितको सूचीचार्ट<br>● कृषि प्रणाली सम्बन्धीका श्रव्य-दृष्य सामग्री, पुस्तक, ब्रोसर, आदि<br>● होमस्टे/होटेल संचालन | ● आफू बसोबास गर्ने तथा वरिपरीको ठाउँमा गर्दै आएका विभिन्न कृषिबालीहरु को सूची बनाई प्रस्तुत गर्नुहोस्।<br>● कृषिपेशाका फाईदाहरु बुँदागत | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● होमस्टे संचालन सम्बन्धी आधारभूत कुराहरुबारे बताउन | | ●होमस्टे संचालन सम्बन्धी आधारभूत ज्ञान | लगाउने बार्षिक तालिका बनाउन लगाउने ।<br>● स्थानीय स्तरमा भएको कुनै होमस्टे वा होटेल संचालन भएको ठाउँमा अवलोकन भ्रमण गराई होमस्टे संचालकसँग भेट गराई होमस्टे संचालनका लागि चाहिने आधारभूत पक्षहरुकोबारेमा जानकारी लिने र बुँदागत रुपमा छलफल गर्ने ।<br>● होमस्टे वा होटेल संचालनबाट स्थानीय समुदायमा पार्ने सकरात्मक प्रभावहरु (आर्थिक, सामाजिक)का बारेमा स्थानीय विज्ञसँग अन्तकिया गराई समुहगत रुपमा प्रतिवेदन तयार पार्न लगाउने र प्रस्तुत गर्न लगाउने । | सम्बन्धी जानकारीमुलक श्रव्य-दृष्य सामग्री, पुस्तक, ब्रोसर, आदि । | रुपमा लेखी प्रस्तुत गर्नुहोस् ।<br>● होमस्टे संचालनबाट हुने फाईदाहरुबारे वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने ।<br>● विद्यार्थीहरुको प्रस्तुतिको अवलोकन मुल्याङकन गर्ने।<br>● विद्यार्थीहरुले तयार पारेको प्रतिवेदनको मुल्याङ्कन गर्ने। | |
| **स्वास्थ्य र सरसफाइ** | ● अम्लिय र क्षारीय खानामा के के पर्छन भन्न र क्षारीय | ● अम्लीय र क्षारीय गुण भएको खाना | ● अम्लिय र क्षारीय गुण भएको खानाको परिचय र महत्व<br>● अम्लिय र क्षारीय खानाका मात्रा | ● अम्लिय र क्षारीय गुण भएको खानेकुराको सूचि बनाउने लगाई उक्त खानेकुराको बारेमा छलफल गराउने । | ● अम्लिय र क्षारीय खानाका सूची/ | ● अम्लिय र क्षारीय गुण भएको खानाको सूचि बनाउन, | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खानाको मात्रा बढाउन<br>● व्यायाको परिचय दिन र सामान्य अभ्यास गर्न<br>● सकारात्मक सोचको विकास गर्न<br>● दैनिक जीवनमा ध्यानको महत्व बताउन र अभ्यास गर्न । | ● व्यायामको परिचय<br>● सकारात्मक सोच र चरित्र निर्माण<br>● ध्यानको परिचय, महत्व र अभ्यास | ● व्यायामको परिचय<br>● योगासन र व्यायाममा भिन्नता<br>● यौगिक सूक्ष्म व्यायाम<br>● सकारात्मक सोच र चरित्र निर्माणमा योगको महत्व<br>● खुसी रहने तथा खुसी बन्ने तरिका<br>● ध्यानको परिचय, महत्व,<br>● ध्यानका प्रकार : अंक गणना, श्वाशनर आनापान, प्रकाश सिथिलिकरण लक्ष्य स्मरण ध्वनी<br>● ध्यानको सामान्य अभ्यास | ● अम्लिय र क्षारिय खानेकुराको महत्व र फरकबारे सचित्र तथा श्रव्यदृश्य सामग्रीसहित बताउने ।<br>● व्यायामको अर्थ बताउने<br>● योगासन र ब्यायाम बिचमा हुने फरक बुझाउनका लागि पोष्टर, भिडियो सामग्री प्रयोग गरी छलफल गराउने ।<br>● यौगीक शुक्ष्म ब्यायामको सामान्य ब्यायामको अभ्यास गराउने ।<br>● सकारात्मक सोच र चरित्र निर्माणमा योगको अनुभव भएका व्यक्तिसँग अन्तक्रिया गराउने ।<br>● खुसी रहने र खुसी बन्ने तरिका बताउने, स्थानीय विज्ञहरुसँग छलफल गर्ने साथै यूट्युव लगायतका सामाजीक सञ्जालमा पाइने भिडियोहरु प्रदर्शन गरी बुँदा टिपो गर्न र खुसी बन्न अभ्यास गर्न लगाउने ।<br>● ध्यान के हो र यसको के महत्व छ भन्ने बारेमा अन्तरक्रिया गर्ने<br>● ध्यानका प्रकारको बारेमा तयार गरिएको सचित्र पावर पोइन्ट स्लाइड र भिडियो प्रदर्शन गरी छलफल गर्ने । | ● अम्लिय र क्षारिय खानका चित्रहरु<br>● व्यायाम र योगासनको पोष्टरहरु<br>● सकारात्मक सोचसम्बन्धी पावर पोइन्ट स्लाइड तथा भिडियो सामग्री<br>● ध्यान गरेको पोष्टर, भिडियो तथा पावरपोइन्ट स्लाइड | भन्न र लेख्न लगाउने<br>● अम्लिय र क्षारीय गुण भएको खानाको प्रभाव भन्न/लेख्न लगाउने<br>● व्यायाम गरेको अवलोकन गर्ने<br>● ध्यान कति प्रकारका हुन्छन ? दैनिक जीवनमा ध्यानको महत्व लेख ।<br>● विद्यार्थीहरुलाई ध्यान गर्न लगाइ अवलोन गर्ने र आवश्यकता अनुसरा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● ध्यानको बारेमा स्थानीय विज्ञ समेतको सहयोगमा अभ्यास गराउने । | | पृष्ठपोषण दिने । | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | ● विपद् जोखिमवाट वच्ने उपायको अवलम्वन गर्न | ● विपद् जोखिम न्यूनिकरणका उपाय | ● पुर्वतयारी (झटपट झोला), पुर्व अभ्यास, प्राथमिक उपचार | ● स्थानीय विपद्बाट हुन सक्ने क्षतिको बारेमा छलफल गराउने, <br>● विपद् पुर्वतयारीकालागि विधिहरु अवगत गराउने-जस्तै झटपट झोला <br>● संभावित विपद्को पुर्व अभ्यास गराउने <br>● प्राथमिक उपचारका सामग्रीको वारेमा जानकारी गराउने | ● चित्र, पोस्टर, वृतचित्र, झटपट झोला, प्राथमिक उपचारका आधारभुत सामग्री | ● विपद् जोखिम न्यूनिकरणका उपायहरु सूचि बनाउन लगाउने <br>● घरमा राखिने झटपट झोला वनाउन लगाउने <br>● आफ्नो घरको लागि तयार पारिने प्राथमिक उपचारका सामग्री तयार पारि कक्षाकोठामा प्रस्तुत गर्न लगाउने | ८ घण्टी |
| | ● हरित विद्यालयको अवधारणाबारे अवगत हुन | ● हरित विद्यालयको अवधारणा | ● हरित विद्यालयको परिचय, आवश्यकता, महत्व, आधारभुत पक्षहरु-हरियाली प्रवर्द्धन, फोहोर व्यवस्थापन, पानी संरक्षण, उर्जा मैत्री विद्यालय, सिकाई केन्द्र | ● हरित विद्यालयको अवधारणा वारे विद्यार्थीहरु छलफल गराउने <br>● नमुना हरित विद्यालयमा हुनु पर्ने अधारभुत पक्षको जानकारी दिने <br>● विभिन्न ठाउँमा रहेका हरित विद्यालयको वारेमा चित्र, पोस्टर वा वृतचित्रको माध्यमवाट जानकारी दिई आफ्नो विद्यालयलाई कसरी हरियाली वनाउन सकिन्छ भनेर छलफल गराउने | ● नमुना हरित विद्यालयको बारेमा चित्र, पोस्टर, श्रव्यदृष्य सामग्री, चार्ट पेपर | ● आफ्नो विद्यालयलाई हरित विद्यालय वनाउनका लागि कार्ययोजना बनाई प्रश्तुत गर्न लगाउने | ८ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **स्थानीय व्यक्ति, संस्थाको परिचय** | • शंखरापुर नगरपालिका क्षेत्रभित्र भएको पोलिटेक्निक इन्सटिच्युटको परिचय दिन<br>• जरसिंह मान बस्नेतको परिचय दिई उहँको सामाजिक योगदानबारे बताउन<br>• सर्वज्ञमान बज्राचार्यको परिचय दिई उहाँको समाजिक योगदान बताउन | • शंखरापुर पोलिटेक्नीक इन्स्टिीच्युट<br>• जरसिंह मान बस्नेतको परिचय र योगदान<br>• सर्वज्ञमान बज्राचार्यको परिचय र योगदान | • शंखरापुर पोलिटेक्निक इन्सटिच्युटको परिचय<br>• जहरसिंह मान बस्नेतको परिचय र उहँको सामाजिक योगदान<br>• सर्वज्ञमान बज्राचार्यको परिचय र उहाँको समाजिक योगदान | • शंखरापुर पोलिटेक्निक इन्सटिच्युटसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि प्रस्तुत गरी छलफल गर्ने ।<br>• शंखरापुर पोलिटेक्निक इन्सटिच्युटको अवलोकन भ्रमण गराई त्यसले दिने सेवा सुविधा तथा स्थानीय समाजमा भएको योगदानबारे छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने ।<br>• जहरसिं मान बस्नेतसँग सम्बन्धीत सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि देखाई उहाँले स्थानीय समाजमा गरेका राम्रा कामहरुको उदाहरण सहित छलफल गर्ने र स्थानीय जानकार व्यक्तिसँग अन्तरक्रिया गर्ने/गराउने ।<br>• सर्वज्ञमान बर्जाचार्यसँग सम्बन्धीत सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि देखाई उहाँले स्थानीय समाजमा गरेका राम्रा कामहरुको उदाहरण सहित छलफल गर्ने । | • शंखरापुर पोलिटेक्निक इन्सटिच्युटसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि<br>• जहरसिंह मान बस्नेतसँग सम्बन्धीत सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि<br>• सर्वज्ञमान बज्राचार्यसँग सम्बन्धीत सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि | • शंखरापुर पोलिटेक्निक इन्टीच्यूटको परिचय सहित महत्वबारे प्रस्तुत गर्नुहोस् ।<br>• शंखरापुर पोलिटेक्निकले स्थानीय समाजमा गरेका कार्यहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• जरसिंहपौवाको अवलोकन भ्रमण गरी जरसिंहमान बस्नेतको परिचय र उहाँले गरेका कामबाट समाजमा | ८ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | परेको सकरात्मक प्रभाव समेटी एउटा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>● प्रस्तुतिको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>● सर्वज्ञमान बर्जाचार्यको छोटो परिचय लेखी उहाँले समाजमा गरेका राम्रा कार्यहरुको बारेमा बूँदागत रुपमा लेखी प्रस्तुत गर्नुहोस् । | |

**कक्षा ८**

| **क्षेत्र** | **सिकाइ उपलब्धी** | **विययवस्तु** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भाव्य कियाकलाप** | **शिक्षण सामग्री** | **मूल्याङ्कन प्रकिया** | **पा. भा.** |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | (क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका परिचय दिन<br>(ख) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका संरचना बोध गरी संरचनागत कामको सूची निर्माण गर्न<br>(ग) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको कर्तव्य र अधिकार बताउन<br>(घ) स्थानीय तहमा न्याय सम्पादनका क्षेत्र र प्रक्रिया प्रस्तुत गर्न | (क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका<br>(ख) स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया | (क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका<br>(अ) परिचय<br>(आ) संरचना (इ) काम<br>(ई) कर्तव्य र अधिकार<br>(ख) स्थानीय तहमा न्याय सम्पादन<br>(अ) क्षेत्र<br>(आ) प्रक्रिया | (क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका अवलोकन भ्रमण गर्न लगाई वा गराई परिचय लिन लगाउने । यस क्रममा परिचयात्मक पुस्तिका, पम्प्लेट, पत्रपत्रिका र अन्य सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन गर्न लगाउने ।<br>(ख) सामग्री अध्ययन तथा स्थलगत भ्रमणको अनुभव समेटी ससाना समूहमा प्रतिवेदन लेखन तथा प्रस्तुति गर्न लगाउने<br>(ग) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका संरचनाको चित्र निर्माण गरी प्रस्तुत गर्दै संरचनागत कामको सूची निर्माण प्रस्तुत गर्न लगाउने<br>(घ) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको कर्तव्य र अधिकारसम्बन्धी सामग्री अध्ययन तथा जानकार व्यक्तिसँग छलफल गरी लेख, रचना तथा टिपोट तयारी तथा प्रस्तुत गर्न लगाउने<br>(ङ) स्थानीय तहमा आइ पर्ने समस्याको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने । ती समस्या समाधानका लागि | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यासको मूल्याङ्कन गर्न लगाएर | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | व्यक्तिगत, सामाजिक तथा अन्य भूमिका टिपोट तथा छलफल गर्न लगाउने । त्यसपछि स्थानीय तहबाट न्याय सम्पादनका क्षेत्र र प्रक्रिया प्रस्तुत गर्न लगाई त्यसका आधारमा प्रश्नोत्तर गरी निष्कर्ष निकाल्न सहयोग गर्ने | | | |
| **प्राकृतिक स्रोत र संपदा** | (क) शिवपुरी राष्ट्रिय निकुञ्जको परिचय दिई महŒव बताउन<br>(ख) शालिनदी तथा वज्रयोगिनी मन्दिरको ऐतिहासिक पक्ष बोध गरी यस सम्बन्धी विशेष सन्दर्भको सूची निर्माण गर्न<br>(ग) शिवपुरी राष्ट्रिय निकुञ्ज, शालिनदी र वज्रयोगिनी मन्दिरको संरक्षणको | (क) शिवपुरी राष्ट्रिय निकुञ्ज<br>(ख) शालिनदी<br>(ग) वज्रयोगिनी मन्दिर | (क) शिवपुरी राष्ट्रिय निकुञ्ज<br>(अ) परिचय<br>(आ) महŒव<br>(इ) संरक्षण<br>(ख) शालिनदी<br>(अ) परिचय<br>(आ) महŒव<br>(इ) संरक्षण<br>(ग) वज्रयोगिनी मन्दिर<br>(अ) इतिहास<br>(आ) महत्व<br>(इ) संरक्षण | (क) विद्यार्थीलाई तीन समूहमा विभाजन गरी शिवपुरी राष्ट्रिय निकुञ्ज, शालिनदी र वज्रयोगिनी मन्दिरको अवलोकन भ्रमण गर्न लगाई वा गराई आआफ्ना अनुभव तथा उपलब्ध जानकारी टिपोट गर्न लगाउने । यस क्रममा प्रकाशित परिचयात्मक पुस्तिका, पम्प्लेट, पत्रपत्रिका र अन्य सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन गर्न लगाउने ।<br>(ख) वेबसाइट, इन्टरनेट तथा युट्युबमा उपलब्ध अन्य पाठ्यसामग्रीको अध्ययनसमेत गरी स्थलगत भ्रमणको अनुभव समेटीससाना समूहमा प्रतिवेदन लेखन तथा प्रस्तुति गर्न लगाउने<br>(ग) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको भ्रमण गरी उक्त स्थानको संरक्षण तथा संवर्धनमा स्थानीय तहले गरिरहेको कामको विवरण सङ्कलन गर्न लगाउने | (क) सान्दर्भिक चित्र वा नक्सा<br>(ख) सूचना प्रविधि<br>(ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यासको मूल्याङ्कन गर्न लगाएर<br>८. निरन्तर विद्यार्थी मूल्याङ्कन तथा रब्रिक्सका साधनहरु | १२ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योजना प्रस्तुत गर्न | | | (घ) कक्षाका साथीसँग छलफल गरी लेख, रचना तथा टिपोट तयारी तथा प्रस्तुत गर्न लगाउने<br>(ङ ) शिवपुरी राष्ट्रिय निकुञ्ज, शाली नदि र बज्रयोगीनीको इतिहास र महत्वको बारेमा अभिभावक तथा स्थानीय बिज्ञहरुसँग छलफल गरी मुख्य मुख्य बुँदा टिपोट गर्न लगाएर कक्षाकोठामा प्रस्तुत गर्न लगाइ शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने । | | प्रयोग गरि विद्यार्थीको सिकाइ स्तर मापन गर्ने । | |
| **संस्कार र संस्कृति** | ● ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको परिचय दिन<br>● ब्राह्मण क्षेत्रीको भेषभूषा र प्रयोग गर्ने तरिका बताउन<br>● शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैजडी र विनायोको परिचय दिन<br>● गुरुङ, भुजेल, मगर, सुनार, दलित जस्ता विभिन्न जातजातिका | ● ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको परिचय<br>● शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैजडी र विनायोको परिचय<br>● गुरुङ, भुजेल, मगर, सुनार र दलितहरुको संस्कार र संस्कृति | ● ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको जानकारी<br>● ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृति झल्कने गरगहना तथा भेषभूषाको चिनारी<br>● १६ संस्कार र ८४ पूजाको परिचय<br>● दशैं, तिहार, तिज, जनैपूर्णिमा, साउने सङ्क्रन्ती, माघे सङ्क्रान्ती जस्ता चाडपर्वको चिनारी<br>● शङ्ख,पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैजडी र विनायोको चिनारी | ● विवाह, व्रतवन्ध,श्राद, मृत्यु पछिको दाहसंस्कारको बारेमा छलफल गर्ने र सम्भव भएमा भिडियो प्रर्दशन गर्ने ।<br>● दौरा, सुरुवाल, टोपी, गुन्यू चोलो , तिलहरी, मारवाडी, नौगेडी सहित लगाएको भिडियो देखाउने<br>● १६ संस्कार र ८४ पूजा विधिको भिडियो देखाउने<br>● दशैं, तिहार, तिज, जनैपूर्णिमा, साउने सङ्क्रन्ती, माघे सङ्क्रान्ती जस्ता चाडपर्वको भिडियो देखाउने र अन्तरक्रिया गराउने ।<br>● शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैजडी र विनायो वाजा वजाउन सिकाउने ।<br>● गुरुङ, भुजेल, मगर, सुनार, दलित जस्ता विभिन्न जातजातिकाहरुको | ● चित्र, भिडियो<br>● लुगा र गहरगहना लगाएको तस्वीर<br>● चित्र, भिडियो आदी ।<br>● पोस्टर , चित्र<br>● बाजाको भिडियो | ● वैवाहिक संस्कार कसरी गरिन्छ भन्न वर्णन गर्न लगाउने<br>● १६ संस्कार ८४ पूजा विधि सामुहिक रुपमा भन्न र वर्णन गर्ने | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हरुको संस्कार र संस्कृतिको बारेमा बताउन | • विभिन्न जातजातिका साझा संस्कृति | • पाञ्चायन देवताको भजन गाउने शैली<br>• गुरुङ, भुजेल, मगर, सुनार, दलित जस्ता विभिन्न जातजातिकाहरुको संस्कार र संस्कृतिक चिनारी | संस्कार र संस्कृतिक पर्वको बारेमा छलफल गर्ने र यस्ता पर्वमा प्रयोग हुने सामग्रीको प्रर्दशन गर्ने | | | |
| **ऐतिहासिक र पर्यटकीय स्थल** | • साँखु शङ्खरापुरको सहर र यसका चार ढोकाको परिचय दिन<br>• साँखुको सहर र यसका चार ढोकाको संरक्षणमा सहभागी हुन<br>• लायाकु दरबारको परिचय दिन | • साँखु सहर र यसका चार ढोकाको परिचय र महत्व<br>• शङ्खरापुर राज्यको दरबार (लायकु)को जानकारी | • साँखुको सहर र यसका चार ढोकाको परिचय र महत्व<br>• साँखुको सहर र यसका चार ढोकाको संरक्षणका उपायहरु<br>• लायाकु दरबारको परिचय र महत्व<br>• साँखुको प्रमुख डबली, टोल, राजदरबार, तलेजु दरबार, पोखरी, राजकुलोको जानकारी | • साँखुको सहर र यसका चार ढोकाको श्रव्यदृश्य, फोटोलगायतका सामग्रीको प्रयोग गरी छलफल गर्ने<br>• साँखुको सहरको स्थलगत अवलोकन गराई यसका चार ढोका, लायाकु दरबार, डबली, टोल, तलेजु दरबार, पोखरी, राजकुलोबारे स्थानीय जानकार व्यक्तिसँग छलफल र अन्तरक्रिया गराउने । | • श्रव्यदृश्य सामग्री<br>• फोटो<br>• ब्रोसर<br>• पुस्तक<br>• पत्रपत्रिकाका लेखरचनाहरु | • साँखुको सहरको स्थलगत अवलोकन गरी प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने<br>• साँखुको प्रमुख डबली, टोल, राजदरबार, तलेजु दरबार, पोखरी, राजकुलो, लायाकु दरबारको संरक्षणका लागि विद्यार्थी र स्थानीय समुदायको भूमिकाको बारेमा टिपोट गर्न लगाउने | १६ घण्टी |
| **पेशा उद्यमशिलता र प्रविधि** | • स्थानीय क्षेत्रमा हुनेरगर्दै आईरहेका खेतीको परिचय दिन | • स्थानीय क्षेत्रमा हुनेर गर्दै आईरहेका | • स्थानीय क्षेत्रमा हुने र गर्दै आईरहेका (कौसी खेती, आलु | • स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपाती (कौसी खेती, आलु खेती, जडिबुटी खेती र प्रशोधन, धान,मकै /गहूँ/ कोदो, पुष्प उत्पादन, कागती | • स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपाती हुँदै आएका बालीहरुको | • आफू बसोबास गर्ने तथा वरिपरीको ठाउँमा गर्दै आएका विभिन्न कृषिबालीहरुको सूची बनाई प्रस्तुत गर्नुहोस् । | २४ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ● पर्यटन व्यवसाय सम्बन्धी जानकारी र महत्व प्रस्तुत गर्न | खेतीको परिचय<br>● पर्यटन व्यवसाय सम्बन्धी जानकारी र महत्व | खेती, जडिबुटी खेती र प्रशोधन, धान,मकै/गहूँ/ कोदो, पुष्प उत्पादन, कागती र सुन्तला खेती) खेतीको परिचय<br>● स्थानीय क्षेत्रमा पर्यटन व्यवसायको महत्व | र सुन्तला खेती) का बारेमा जानकारी दिने ।<br>● विद्यालय नजिकै भएको माथी उल्लेखित खेतीपाती भएको स्थानमा अवलोकन भ्रमण गराई त्यहाँ कुनै एक कृषि उत्पादनको महत्व र त्यसले स्थानीय क्षेत्रमा पारेको प्रभावबारे स्थानीय कृषक/कृषि व्यवसायीसँग छलफल गरी बुँदागत रुपमा टिपोट गर्न लगाउने र निष्कर्ष दिने ।<br>● स्थानीय जडीबुटी प्रसोधन केन्द्रमा अवलोकन गरी जडीबुटी प्रसोधन बिधि सम्बन्धी प्रसोधन केन्द्र संचालक वा विज्ञसँग अन्तरक्रिया गरी अवलोकन भ्रमणको प्रतिबेदन तयार पार्न लगाउने ।<br>● स्थानीय स्तरमा भएका पर्यटकीय क्षेत्र तथा पर्यटन व्यवसायको सूची बनाई प्रस्तुत गर्ने । | चित्रसहितको सूचीचार्ट<br>● कृषि प्रणाली सम्बन्धीका श्रव्य-दृष्य सामग्री, पुस्तक, ब्रोसर, आदि<br>● पर्यटन व्यवसाय सम्बन्धी जानकारीमुलक श्रव्य-दृष्य सामग्री, पुस्तक, ब्रोसर, आदि । | ● स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपाती फाईदाहरु बुँदागत रुपमा लेखी प्रस्तुत गर्नुहोस् ।<br>● पर्यटन व्यवसायको परिचय दिनुहोस्<br>● पर्यटन व्यवसाय संचालनबाट हुने फाईदाहरु समेटेर निवन्ध लेखन प्रतियोगिताको आयोजना गर्ने ।<br>● विद्यार्थीहरुको प्रस्तुतिको अवलोकन मुल्याङकन गर्ने ।<br>● विद्यार्थीहरुले तयार पारेको प्रतिवेदनको मुल्याङ्कन गर्ने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय स्तरमा भएको कुनै पर्यटन व्यवसाय संचालन भएको ठाउँमा अवलोकन भ्रमण गराई पर्यटन व्यवसायीसँग भेट गराई त्यसका फाईदाहरुका बारेमा छलफल गर्ने ।<br>• पर्यटन व्यवसाय संचालनबाट स्थानीय समुदायमा पार्ने सकरात्मक प्रभावहरु (आर्थिक, सामाजिक)का बारेमा स्थानीय विज्ञसँग अन्तक्रिया गराई समुहगत रुपमा प्रतिवेदन तयार पार्न लगाउने र प्रस्तुत गर्न लगाउने । | | | |
| **स्वास्थ्य र सरसफाइ** | • भोजन र यसका प्रकारबारे बताउन<br>• आसनको परिचय दिन र अभ्यास गर्न । | • भोजन एवं पोषण व्यवस्थापन<br>• योगासनको परिचय र प्रकार | • भोजनको परिचय र प्रकार (सात्विक, राजसिक, तामसिक)<br>• स्वास्थ र सन्तुलित आहार<br>• आहार शुद्धि र चित्त शुद्धि | • सत्विक, राजसिक र तामसिक खानेकुराको सूचि बनाउने लगाउने<br>• सत्विक, राजसिक र तामसिक खानेकुराको विशेषताको बारेमा छलफल गराउने र तीनै प्रकारका खानेकुरा खाँदाको अनुभव विद्यार्थीहरुलाई भन्न र लेख्न लगाउने । | • सात्विक, राजसिक र तामसिक भोजनमा अन्तर्गत पर्ने खानाहरू लेखिएको चार्ट<br>• सूर्य नमस्कारकारको चित्र, पोष्टर र भिडियो | • सात्विक, राजसिक र तामसिक गुण भएको खानाको सूचि बनाउन, भन्न र लेख्न लगाउने<br>• सात्विक, राजसिक र तामसिक गुण भएको खानाका प्रभाव भन्न/लेख्न लगाउने | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • प्राकृतिक चिकित्सा र पौष्टिक आहार<br>• योगासनको परिचय र महत्व<br>• सूर्य नमस्कार,<br>• योगासनका प्रकार:( सुखासन, सिद्धासन, पद्मासन, बज्रासन, शशाकासन, मन्डुकासन मर्कटासन, पवनमुक्तासन, धनुरासन गोमुखासन सर्वासन, हलासन) र अभ्यास | • भोजभतेर र चाडबाडको खानाको साधारण खानासँग तुलना गरेर देखाउने ।<br>• सात्विक भोजनको प्रयोगबाट हुने फाइदाहरू बताउने<br>• सूर्य नमस्कारको भिडियो प्रदर्शन गर्ने।<br>• सूर्य नमस्कारको शिक्षकले गरेर देखाउदै विद्यार्थीहरुलाई अभ्यास गर्न लगाउने ।<br>• सूर्य नमस्कारको महत्वको बारेमा छलफल गर्ने ।<br>• योगासनको परिचय, प्रकार, आवश्यकता र महत्वको बारेमा छलफल गर्ने ।<br>• योगासनको बारेमा स्थानीय विज्ञसँग अनतरक्रिया गराउने ।<br>• योगासनको उपयोगीता बताउने<br>• सूर्य नमस्कारको भिडियो प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई अभ्यास गर्न लगाउने । | • योगासनको चित्र, पोष्टर र भिडियो | • सूर्य नमस्कारको अभ्यास गर्न लगाइ अवलोकन गर्ने<br>• विभिन्न प्रकारका आसन गर्न लगाइ अवलोकन गनै र आवश्यकता अनुसार पृष्ठपोषण दिने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● विभिन्न प्रकारका योगासन प्रदर्शन गर्ने विद्यार्थीहरुलाई अभ्यास गर्न लगाउने । | | | |
| **प्रकोप, वातावरण र हरित विद्यालय** | ● हरित विद्यालयको अवधारणालाई आफ्नो दैनिक जिवनमा अवलम्वन गर्न | ● हरित विद्यालय र सिकाई | ● हरित विद्यालयको कार्ययोजना, क्षेत्र निर्धारण, हरित विद्यालय निर्माण अभ्यास | ● हरित विद्यालयहुन आवश्यक पर्ने आधारभुत पक्षहरुको अवगत गराउने<br>● आफ्नो विद्यालयमा अवलम्वन गर्न सकिने आधारभुत पक्षहरुको छलफल गराउने<br>● विद्यार्थीहरुलाई हरित विद्यालय निर्माणको अभ्यास गराउने | चार्ट पेपर, श्रव्यदृष्य सामग्री, चार्ट पेपर | ● समुहमा रही कार्य विभाजन गरी हरित विद्यालयको कुनै एक आधारभुत पक्षको कार्यन्वयन गर्न लगाउने | १२ घण्टी |
| | ● इको क्लवमा सहभागि भई कार्य गर्न | ● इको क्लव | ● इको क्लवको परिचय, गठन प्रक्रिया, उद्देश्य, काम कर्तव्य र अधिकार, इको क्लवको आवश्यकता | ● इको क्लवको परिचय, महत्व आदिको वारेमा छलफल गराई इको क्लवको गठन गर्न लगाउने | ● चार्ट पेपर, श्रव्यदृष्य सामग्री | ● इको क्लवले वर्ष भरि गर्ने क्रियाकलापको कार्य योजना वनाउन लगाउने । | ४ घण्टी |
| **स्थानीय व्यक्ति, संस्थाको परिचय** | ● सुष्मा कोइराला मेमोरियल ट्रष्टको परिचय दिन<br>● लिला बज्र बज्रचार्य परिचय र समाजमा गरेको योगदान | ● सुष्मा कोइराला मेमोरियल ट्रष्ट<br>● लिला बज्र बज्रचार्यको परिचय<br>● जोगदेव आचार्यको परिचय | ● सुष्मा कोइराला मेमोरियल ट्रष्टको परिचय<br>● लिला बज्र बज्रचार्य परिचय र समाजमा गरेको योगदान<br>● जोगदेव आचार्यको परिचय र | ● सुष्मा कोइराला मेमोरियल ट्रष्टसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि देखाई छलफल गर्ने ।<br>● सुष्मा कोइराला मेमोरियल ट्रष्टमा अवलोकन भ्रमण गरी त्यसले दिने सेवासुविधाबारे जानकारी लिने ।<br>● लिला बज्र बज्रचार्यसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि देखाई | ● सुष्मा कोइराला मेमोरियल ट्रष्टसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि<br>● लिला बज्र बज्रचार्य र जोगदेव आचार्यसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि | ● सुष्मा कोइराला मेमोरियल ट्रष्टको परिचय, समाजमा योगदान र महत्व समेटेर परियोजना तयार पारी प्रस्तुत गर्नुहोस् ।<br>● लिला बज्र बज्रचार्य र जोगदेव आचार्यको समाजमा योगदानबारे चर्चा गर्नुहोस् । | ८ घण टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बुझ्न र अनुसरण गर्न<br>● जोगदेव आचार्यको परिचय र समाजमा गरेको योगदान बुझ्न र अनुसरण गर्न | | समाजमा गरेको योगदान | छलफल गर्ने र जानकार स्थानीय व्यक्तिसँग छलफल गरी उनीहरुको योगदानबारे चर्चा गर्ने ।<br>● जोगदेव आचार्यसँग सम्बन्धीत पुस्तक, ब्रोसर, फोटो, भिडीयो आदि देखाई छलफल गर्ने र जानकार स्थानीय व्यक्तिसँग छलफल गरी उनीहरुको योगदानबारे चर्चा गर्ने ।<br>● लीला बज्र बर्जाचार्य र जोगदेव आचार्यले गरेका कामहरुले हाम्रो समाज बिकासमा पुऱ्याएको सकरात्मक प्रभावका बारेमा छलफल गरी हामीले उनीहरुबाट हाम्रो दैनिक जीवनमा अनुशरण गर्न सकिने कार्यहरुकाबारेमा छलफल गर्ने । | | ● लिला बज्र बज्रचार्य र जोगदेव आचार्यसँग सम्बन्धीत पुस्तक, ब्रोसर अध्ययनका आधारमा सारांश लेख्न लगाउने ।<br>● परियोजना कार्य गर्न लगाउने । | |

## ७ स्थानीय पाठ्यक्रमको पाठ्यघण्टी र अङ्क विभाजन तालिका

कक्षा: १-८

| क्र. स. | क्षेत्र | कक्षा १(३ | | कक्षा ४(८ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार |
| १. | हाम्रो नगरपालिका | २० | १२ | १२ | ९ |
| २. | प्राकृतिक स्रोत र संपदा | ३० | २० | १६ | १२ |
| ३. | संस्कार र संस्कृति | ४० | २५ | २४ | २० |
| ४. | ऐतिहासिक र पर्यटकिय स्थल | २५ | १५ | १६ | १२. |
| ५. | पेसा उद्ययशिलता र प्रविधि | २० | १२ | २४ | २० |
| ६. | स्वास्थ्य र सफाइ | १५ | १० | १२ | ९ |
| ७. | प्रकोप, पर्यावरण र हरित विद्यालय | १० | ६ | १६ | १२ |
| ८. | ब्यक्ति र संस्था परिचय | ( | ( | ८ | ६ |
| | जम्मा | १६० | १०० | १२८ | १०० |

## ८ सिकाइ सहजिकरण प्रक्रिया

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी शि्क्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामम्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण सहजीकरण गर्न देहायका विधिहरु अपनाउन सकिनेछ :

(क) **आधारभूत शिक्षण विधि**ः छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ बिधि

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि** : कार्यमुलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

(ग) **बैकल्पिक शिक्षण विधि** : श्रब्यदृश्य विधि, रैथाने विधि, संगीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, त्जष्लप एबष्च बलम क्जबचभ

## ९ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ ।

१ आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे अनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।

2 विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक ९ँयचकबतष्खभ० पद्धति तथा निर्णयात्मक ९क्गmबतष्खभ० पद्धति, सैद्धान्तिक र प्रयोगात्मक ९तजभयचभतष्अबी बलम एचबअतष्अबी० दुबै अपनाउनु पर्नेछ ।

3 स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रुपमा विद्यार्थीहरुले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रकृयालाई प्रोत्साहन गरिन छ ।

4 प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका ९एयचतायष्यि० फाईल रहनेछ र त्यसभित्र विद्या विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखि सोहि आधारमा मूल्याङ्कन गरिने छ ।

5 कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ। कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई "क", "ख" र "ग" तीन श्रेणीमा विभाजन गर्नुपर्दछ ।

6 कक्षा ४-५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा गरिने छ ।

7 निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।

8 कक्षा ६-७ मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक (निरन्तर मूल्याङ्कन पद्धति) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।

9 आधारभूत तहको अन्त्य (कक्षा ८) मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक/प्रयोगात्मक पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ। लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ ।

10 .विद्यार्थीहरुको मूल्ल्याङ्कन गर्दा ज्ञान तह ९प्लयधभिमनभ ीभखभ० मा अति छोटा प्रश्नहरू, बोध तह ९गलमभचकतबलमष्लन ीभखभ० का छोटा प्रश्नहरू र उच्च तह ९ज्भजभच ब्दषष्तिभक० का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेस गर्नु पर्नेछ ।

11 प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ। यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहारिक परिवर्तन जस्ता पक्षहरु समेटनु पर्नेछ ।

12 प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज,प्रकोप/बिपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ ।

13 कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ। रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

14 विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारुपमा उल्लेख गरेको प्रावधान प्रतिकुल नहुने गरी अनुसूचि(१ मा उल्लेख गरे बमोजिम हुनेछ ।

## 10 **पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया**

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## 11 **समय निर्धारण**

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घण्टी हुनेछ जसमा १६० घण्टी दिइएको छ । त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघण्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र बैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यबिधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र २०० दिन पठनपाठन हुनेछ । प्रत्येक घण्टी एक घण्टाको हुनेछ ।

## 12 **पाठ्यक्रम परिमार्जन**

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै ब्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त  चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकता अनुसार परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरि प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

## अनुसूची(१

## विद्‍यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

**कक्षा : १-३**

औशत अंक विशिष्टीकरण तालिका

| क्रासं। | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागीता र प्रस्तुती | १० |
| ३ | कक्षा कार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्शा तथा चित्र लेखन | १० |
| | **जम्मा** | **१००** |

**कक्षा : ४-५**

औशत अंक विशिष्टीकरण तालिका

| क्रासं। | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागीता र प्रस्तुती | ५ |
| ३ | कक्षा कार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्शा तथा चित्र लेखन | ५ |
| | **जम्मा** | **५०** |

**कक्षा : ६-८**

औशत अंक विशिष्टीकरण तालिका

| क्रासं। | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागीता र प्रस्तुती | ५ |
| ३ | कक्षा कार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १० |

| | | |
|---|---|---|
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्शा तथा चित्र लेखन | ५ |
| | **जम्मा** | **४०** |

## (ख) निर्णयात्मक (आवधिक) परीक्षा

**कक्षा : ४-५**

पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : २०

समय : १ घण्टा ३० मिनेट

औशत प्रश्न तालिका (तहगत रुपमा)

| ज्ञान तह ९प्लयधभिमनभ िभखभ० | बोध तह ९गलमभचकतबलमष्लन िभखभ० | उच्च तह ९ज्स्नजभच ब्दषष्तिष्भक० |
|---|---|---|
| ३० % | ४० % | ३० % |

**कक्षा : ६-८**

पूर्णाङ्क : ६० उत्तीर्णाङ्क : २४

समय : १ घण्टा ४८ मिनेट

औशत प्रश्न तालिका (तहगत रुपमा)

| ज्ञान तह ९प्लयधभिमनभ िभखभ० | बोध तह ९गलमभचकतबलमष्लन िभखभ० | उच्च तह ९ज्स्नजभच ब्दषष्तिष्भक० |
|---|---|---|
| ३० % | ३० % | ४० % |

कक्षा ४(५ को प्रश्नपत्र निर्माण योजना ९क्उभअषष्अबतष्यल न्चष्म०

| प्रश्न / क्षेत्र | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| हाम्रो नगरपालिका | ३ | १ | ३ | १ | २ | २ | - | - | - | ४ | ५ |
| प्राकृतिक स्रोत र संपदा | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| संस्कार र संस्कृति | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ६ | १० |
| ऐतिहासिक र पर्यटकिय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| पेसा उद्ययशिलता र प्रविधि | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ६ | १० |
| स्वास्थ्य र सफाइ | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| प्रकोप, वातावरण र हरित विद्यालय | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| व्यक्ति र संस्था परिचय | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| जम्मा | १५ | १ | १५ | १० | २ | २० | ५ | ३ | १५ | ३० | ५० |

**नोट :**

1. नोट : प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।
2. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुनेछन् ।
3. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ।

कक्षा ६(८ को प्रश्नपत्र निर्माण योजना ९क्उभअषष्अबतष्यल न्चष्म०

| प्रश्न / क्षेत्र | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| हाम्रो नगरपालिका | ३ | १ | ३ | १ | २ | २ | - | - | - | ४ | ५ |
| प्राकृतिक स्रोत र संपदा | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| संस्कार र संस्कृति | ४ | १ | ४ | २ | २ | ४ | १ | ४ | ४ | ७ | १२ |
| ऐतिहासिक र पर्यटकिय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| पेसा उद्ययशिलता र प्रविधि | ४ | १ | ४ | २ | २ | ४ | १ | ४ | ४ | ७ | १२ |
| स्वास्थ्य र सफाइ | २ | १ | २ | - | - | - | १ | ४ | ४ | ३ | ६ |
| प्रकोप, वातावरण र हरित विद्यालय | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| व्यक्ति र संस्था परिचय | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| जम्मा | १८ | १ | १८ | ९ | २ | १८ | ६ | ४ | २४ | ३३ | ६० |

**नोट :**

1. नोट : प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।
2. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ४ अङ्कका हुनेछन् ।
3. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्ने छ ।